# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## सिरहा नगरपालिका
## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७
च.नं. २६३

मिति: २०७७।३।२६

श्री नगर प्रमुखज्यू,
सिरहा नगरपालिका,
सिरहा ।


विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७ मिति: २०७७।३।२१ च.नं १६४

श्री नगरप्रमुखज्यू,
सिरहा नगरपालिका,
सिरहा ।

विषय: लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले सिरहा नगरपालिका, सिरहाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. २२ करोड २७ लाख ४४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १७ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु ३ करोड १४ लाख ४२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४ करोड ७४ लाख ८५ हजार र पेश्की रु. १४ करोड २० लाख ३३ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/११/२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्यौट नभई कायम भएका ब्यहोराको अन्तिम प्रतिवेदन पाना छतिस (३६) यसै साथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी,नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बिन्दु बिष्ट)
नायब महालेखापरीक्षक

# सिरहा नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । प्रदेश नं. २ मा अवस्थित यस नगरपालिका अर्न्तगत २२ वडा ११४ सभा सदस्य,९४.२ व.की.मी. क्षेत्रफल र ८२५३१ जनसंख्या रहेको छ । | |
| २. | **असुलः** लेखा परिक्षणको क्रममा वडा नं. २० ले असूली गरेको आम्दानी घटी दाखिला गरेको रु ८३६६.०० असुली भई वैक दाखिला गरेको भौचर पेश भएको छ । | |
| ३. | **स्थानीय संचित कोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ : | |

| सि.नं. | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | ५२७०७५९१३.८० |
| | क) नगद | | | **क. वित्तिय समानीकरण चालु खर्च रु. १३५४७७६६१।१४** | |
| | ख) बैंक (सवै खाताको) | २०८६९१५४१.३५ | | **ख) सशर्त अनुदान चालु खर्च जम्मा रु. २५२५६११६२।६६** | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | १. रा.ग्रामिण तथा नविकरणिय उर्जा रु. १२९१६२४।०० | |
| | क) आन्तरिक राजस्व | १३८९५८३९.९० | | २. महिला विकास रु.७८१६४०।५० | |
| | ख) राजस्व बाँडफाँड | १११८३१९७९.०५ | | ३. कृषि रु. १६७९६८३।६० | |
| | ग) अन्य आय | | | ४. आयुर्वेद रु. ४२५८४६१।६० | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ५. पशु रु.४८२३८६४।९९ | |
| | क)वित्तीय समानीकरण अनुदान | १९६७००००.०० | | ६. एकिकृत स्वास्थ्य रु.४३१७०४३६।०२ | |
| | ख) सशर्त अनुदान | २९३१३४०००.०० | | ७. शिक्षा रु.१७८११२८७९।०८ | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ८. अस्पताल रु. १७७१३७२६।८७ | |
| | क)वित्तीय समानीकरण अनुदान | २९४४०००.०० | | ९. पुरातत्विक संरक्षण कार्यक्रम रु.४९४८४६।०० | |
| | ख) सशर्त अनुदान | ७५०००००.०० | | १०. संस्कृती प्रवर्द्धन कार्यक्रम रु.०।०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | ११. वृक्ष सुधार वृक्षारोपण तथा निजि वन कार्यक्रम रु.०।०० | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | १२. समाज कल्याण कार्यक्रम रु.१०१०००।०० | |
| | क) ऋण प्राप्ति | | | १३. बाल कल्याण कार्यक्रम रु.३३०००।०० | |
| | ख) साँवा प्राप्ति | | | १४. राष्ट्रिय युवा परिषद रु.०।०० | |
| | ग) ब्याज प्राप्ति | | | १५. खेलकुद विकास कार्यक्रम रु.१०००००।०० | |
| | घ) अन्य प्राप्ति | | | १६. वातावरणीय सरसफाई रु.०।०० | |
| ७ | **विभिन्न कोषतर्फको आय (दैवि प्रकोप जि.प्र.का.)** | २०००००.०० | | **ग) अन्य अनुदान चालु जम्मा खर्च रु. १३९०३७०९०।००** | |
| ८ | **जनसहभागिता (नगद)** | | | १. सामाजिक सुरक्षा **रु.१३३३६७०९०।००** | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | २. प्रधानमन्त्री रोजगार प्रवर्द्धन कार्यक्रम रु. **५६७००००।००** | |
| १० | **धरौटी आय** | ३८७४६१९.३८ | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | २ | **पुजिगत खर्च** | १७१६२५७५२.५१ |
| १२ | **अन्य अनुदान रकम प्राप्त** | | | **क. वित्तिय समानीकरण पुजिगत खर्च रु. १६७७७२४१२।५१** | |
| | क) सामाजिक सुरक्षा कार्यक्रम अनुदान | १३३५४४०००.०० | | **ख) कन्टेन्जेन्सी खर्च पुजिगत रु. ३८५३३४०।००** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख) प्रधानमन्त्री रोजगार प्रवर्द्धन कार्यक्रम | ५६७००००.०० | | | |
| १३ | **विभिन्न कर तथा कोष कट्टी रकमहरु दाखिला गर्न दायित्व वाकी** | १७८१९९९.१४ | ३ | **विशेष कोष खाता जम्मा खर्च** | ३४९७८६२.३९ |
| | क) कर कट्टीहरु दाखिला गर्न दायित्व वाकी रु.१७८१९९९।१४ | | | १. वातावरण कोष खाताको खर्च रु. २६२९९।०० | |
| १४ | **अन्य आम्दानी** | | | २ विपद व्यवस्थापन कोष खर्च रु. १०७९१९५।०० | |
| | क) पुजिगत खाताबाट कन्टेन्जेन्सी खातामा आम्दानी प्राप्त ( हिसाव मिलान) | २७१५१५०.६५ | | ३. कर्मचारी कल्याण कोष खर्च रु. ६८२३७३।४० | |
| | ख) कन्टेन्जेन्सी खातामा चालु खर्च खाताबाट आम्दानी प्राप्त | २३३७५.०० | | ४. मर्मत सम्भार कोष खाता रु. १७०९९९४।९९ | |
| | ग) कन्टेन्जेन्सी खातामा भ्रो.पु.कार्यक्रम बाट आम्दानी प्राप्त | ६२८९१.०० | ४ | धरौटी फिर्ता | १५७१५०३.९५ |
| | घ) कन्टेन्जेन्सी खातामा तराई म.कार्यक्रम बाट आम्दानी प्राप्त | २६०३११.०० | ५ | वित्तीय व्यवस्था भुक्तानी | |
| | ङ) कन्टेन्जेन्सी खातामा साझेदारी वि.कार्यक्रम बाट आम्दानी प्राप्त | १८१७९२.०० | | क) ऋण भुक्तानी | |
| | च) पुजिगत खातामा प्रकोप खाताबाट आम्दानी प्राप्त | ३६५०००.०० | | ख) ब्याज भुक्तानी | |
| | छ) पुजिगत खातामा तराई म.समृद्धि कार्यक्रमबाट सोधभर्ना वापत आम्दानी प्राप्त | ३९९८१३.०० | ६ | **लगानी** | |
| | ज) पुजिगत खातामा विविध आम्दानी प्राप्त | ८८२५३५.१० | | ऋण लगानी | |
| | झ) चालु खातामा विविध आम्दानी प्राप्त | २१३३४३३.६८ | ७ | **वैंक मौज्दात रकम** | २८३०२१२४७.६० |
| | | | | ग-४-१ संचित कोष खाता बैंक मौज्दातरु.११२७७१०६४।३६ | |
| | | | | ग-२-१ चालुखर्च खाता बैंक मौज्दातरु.३०३६८८५६।७५ | |
| | | | | ग-२-२पुजिगत खर्च खाता बैंक मौज्दातरु.१००८८७२६६।५० | |
| | | | | ग-३ धरौटी खाताको वैंक मौज्दात रु.७७८७३७४।०३ | |
| | | | | ग-४-३ आन्तरीक खाताको वैंक मौज्दात रु.४८८२५१९।१४ | |
| | | | | ग-४-५ वैदेशीक सहयोग खाताको रु.१३४०७१।०८ | |
| | | | | ग-५-१ कर्मचारी कल्याण कोष खाताको रु.२१२६५१४।१९ | |
| | | | | ग-५-२ मर्मत सम्भार कोष खाताको रु.१८६१७१९३।८७ | |
| | | | | ग-५-४ प्रकोप व्यवस्थापन कोष खाताको रु.२२३६१८१।०० | |
| | | | | ग-५-६ वातावरण कोष खाताको रु.१९७६१०७६७ | |
| | | | | ग-५-७ गरिवी निवारण कोष खाताको रु.१००००००।०० | |
| | | | | ग-५-८ महिला तथा वालविकास कोष खाताको रु.२३४०९९।०० | |
| | **जम्मा** | ९८६७९२२८०.२५ | | **जम्मा** | ९८६७९२२८०.२५ |

५.१ आम्दानी तर्फ देखाएको कर दायित्व रु २०८१६९६।०० मिति २०७६।०७।१९ मा चालुको ९८ र पूजीगतको ९४ नं. भौचर बाट बैंक दाखिला गरेको छ। वैक दाखिला गरि प्रमाण पेश भएको छ।

४. <u>कोषको लेखा परिक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :</u>

**वजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु

| | | |
|---|---|---|
| | आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले २०७५।०३।२५ मा वजेट पारित गरी प्रशासकिय अधिकृतलाई १५ दिन भित्र खर्च गर्ने अख्तियारी दिएको छ । | |
| ५. | **आन्तरिक व्यवस्थापन प्रणालीसँग सम्वन्धित देखिएका व्यहोराहरुः-** आन्तरिक नियन्त्रण तथा प्रभाबकारी व्यबस्थापनका लागि यस कार्यालय र तालुक निकाय समेतले निम्न व्यहोराका कामहरु पनि गर्नु गराउनु पर्नेमा पुर्ण रुपमा कार्यान्वयन तथा पालना गरेको पाईएन । नियमानुसार सबै व्यहोराको पालना तथा कार्यान्वयन गर्नु पर्दछ ।<br>➢ कार्य विवरणः कार्यालयले कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्य विवरण तयार गरी जिम्मेवारी दिएको नदेखिएको हुँदा सो तयार गरी अधिकार र जिम्मेवारी दिनुपर्ने देखिन्छ ।<br>➢ खरिद योजनाः- खरिद योजना तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दशलाख रुपयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी, आर्थिक वर्षमा गर्ने बार्षिक खरिद योजना तयार गरी कार्यान्वयन हुन सकेको देखिएन ।<br>➢ भुक्तानी भएको छापः- भुक्तानी भएको छाप भुक्तानी भएका सबै बिल भर्पाइमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरि राख्नु पर्नेमा सो अनुसार गरेको पाईएन ।<br>➢ जिन्सी तर्फ मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन ।<br>➢ सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।<br>बिभिन्न ऐन नियम एवं कार्यविधिहरुमा रहेका उल्लिखित प्रावधानहरुको पालना गरी आन्तरिक नियन्त्रणलाई थप प्रभावकारी बनाउनु पर्दछ । | |
| ६. | **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गरेको, जोखिम क्षेत्र पहिचान र नियन्त्रणका उपाय सम्बन्धमा छलफल समेत गरेको देखिदैन । मूल्यवान सवारी साधन राख्न उचित प्रवन्ध नगरेको, अख्तियार र जिम्मेवारी किटान गरी कर्मचारीको कार्यविवरण तयार नगरेको, भ्रमणमा खटाउनुपर्दा आवश्यकता र भ्रमण अवधिको एकिन गरी आवश्यक मात्रामा मात्र भ्रमण खटाउनुपर्नेमा त्यस तर्फ पुर्ण ध्यान नदिएको, कार्यालयको काम सम्बन्धमा आईपर्ने जोखिम पहिचान गरि मूल्यांकन गर्ने, सोको अद्यावधिक अभिलेख राखी जोखिमको रोकथाम तथा निराकरण गर्नका लागि आवश्यक संयन्त्रको व्यवस्था नगरेको जस्ता व्यहोरा देखिएका छन् । त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदै सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्ने देखिन्छ । | |
| ७. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर नगरपालिकाले सो अनुसार दोहोरोपन आउन नदिने गरी कार्यक्रम तय गरेको छैन । | |
| ८. | **कानून तथा कार्यविधि निर्माण सम्वन्धमाः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(३) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्ने व्यवस्था र १०२(५) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित नगरे सम्म लागु नहुने व्यवस्था रहेको छ । यस पालिकाले आर्थिक वर्ष २०७५।७६ मा देहायका ऐन नियम, कार्यविधि राजपत्रमा प्रकाशन गरेको छ । | |

| क्र.सं | ऐन, नियम,कार्यविधिको नाम | प्रमाणिकरण मिति | राजपत्रमा प्रकासित मिति |
|---|---|---|---|
| १ | सिरहा नगरपालिकाका विनियोजन ऐन २०७५ | २०७५/०३/३२ | २०७५/०३/३२ |

| | | | |
|---|---|---|---|
| २ | सिरहा नगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ | २०७५/०३/३२ | २०७५/०३/३२ |

९. **आन्तरिक ऋणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम पालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । तर नगरपालीकाले यो वर्ष सो अनुसार ऋण लिएको छैन ।

१०. **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा जोड दिन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट र कार्यान्वयनले उचित सार्थकता नपाउने हुदा नगरपालीकाले प्रभावकारी रुपले अभिलेख संकलन तथा व्यवस्थापन गर्नु जरुरी छ ।

११. **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कुल पुजीगत खर्च रु १७ करोड १६ लाख २६ हजार मध्ये प्रथम चौमासिकमा ....... प्रतिशत, दोश्रो चौमासिकमा ..... प्रतिशत र तेश्रो चौमासिकमा .... प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा .... प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । अत सन्तुलित रुपमा वजेट खर्च गर्नु पर्दछ ।

१२. **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी .. रहेकोमा संघिय सरकारवाट सरुवा भई आएका .., साविक स्थानिय निकायका .. र आन्तरिक पदपूर्ति .. समेत .. जना कार्यरत रहेको देखियो । .. पद रिक्त रहेका छन । ति मध्ये .. जना करारमा राखि कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्ने र आवश्यक भए पदपुर्ती गर्न कारवाही गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन ।

१३. **बोलपत्रको तुलना :** लेखापरीक्षणको लागि पेश भएको बोलपत्रमा सहभागिता र लागत कवोल अंकको कार्यालयबाट प्राप्त विवरण अनुसार ठेक्काको लागि १३ वटा बोलपत्र अह्वान भएकोमा १४८ विक्रि भई १०२ वटा बोलपत्र दाखिला भएको पाइयो । बोलपत्रको लागत अनुमान र स्वीकृत रकम निम्नानुसार छ ।

| क्र. सं. | कार्यक्रमको नाम | ठेक्का नम्बर | बोलपत्र बिक्री सङ्ख्या | बोलपत्र दाखिला सङ्ख्या | लागत अनुमान | स्वीकृत रकम |
|---|---|---|---|---|---|---|
| १ | सडक बोर्ड | SM-02-2075/76 | १८ | १६ | ४०,३६,७९४।६४ | १८,८३,०९२।०७ |
| २ | सडक बोर्ड | SM-03-2075/76 | १७ | १६ | २९,२२,८०४।७१ | १३,६४,०१९।७८ |
| ३ | निशुल्क वितरणको लागि अत्यावश्यक औषधी खरिद | SM-04-2075/76 | १६ | ७ | १८,६४,६०९।४१ | ७,३१,०१३।३१ |
| ४ | तराई मधेश समृद्धि | SM-05-2075/76 | ११ | ७ | ७४,८०,०००।०० | ४५,१७,८८०।०० |
| ५ | तराई मधेश समृद्धि | SM-06-2075/76 | १५ | १२ | ५५,००,०००।०० | ३२,६६,८१०।०० |
| ६ | तराई मधेश समृद्धि | SM-07-2075/76 | १२ | १० | २७,५०,०००।०० | १५,११,६१०।०० |
| ७ | तराई मधेश समृद्धि | SM-08-2075/76 | १४ | १२ | ७७,००,०००।०० | ४२,७७,०४४।४६ |
| ८ | वित्तिय समानिकरण | SM-09-2075/76 | १० | ८ | ८७,२९,९७५।९२ | ५५,९९,८११।४७ |
| ९ | वित्तिय | SM-10- | ८ | ४ | ९,६९,९९९।९ | ९,६३,२१२।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समानिकरण | 2075/76 | | | १ | |
| १० | वित्तिय समानिकरण | SM-11-2075/76 | ११ | ४ | १९,९९,९८७०० | १९,९६,२५८।०० |
| ११ | वित्तिय समानिकरण | SM-12-2075/76 | ६ | १ | ७,८६,०६२१९७ | ७,८१,११२।५० |
| १२ | वित्तिय समानिकरण | SM-13-2075/76 | ६ | १ | १०,२२,७२६।०२ | ९,४९,३४२।६६ |
| १३ | वित्तिय समानिकरण | SM-16-2075/76 | ४ | ४ | ७,३६,३६४।५० | ७,३४,२७४।०० |
| | **जम्मा** | | **१४८** | **१०२** | | |

१४. **अधुरो योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु. २० लाख भन्दा बढीको निर्माण कार्य बोलपत्र विधिद्वारा गर्नु पर्ने व्यवस्था भए अनुसार पालिकाले विभिन्न निर्माण कार्यको निम्न आयोजनाहरुको लागत अनुमान तयार गरी बोलपत्र प्रकाशित गरेकोमा पर्न आएका बोलपत्र मध्ये घटीवाला निर्माण व्यवसायीको बोलपत्र स्वीकृत गरी विभिन्न निर्माण कार्यको सम्झौता भएको देखिन्छ । निर्माण व्यावसायीले निर्माण कार्य समयमा सम्पन्न गरेको देखिएन । अतः निर्माण सम्वन्धी कामलाइ सुचारु गर्नको लागि सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने अन्यथा कार्यालयबाट निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, २०६३ अनुसारको कारवाही अगाडि बढाई कार्य सम्पन्न गराउनु पर्दछ ।

| निर्माण कार्य | ठेक्का नम्बर व्यहोरा | संझौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| तराई मधेश समृद्धि | SM-05-2075/76 | २०७६/०१/२२ | ४५,१७,८८०।०० | २०७६/०३/१५ | १०७०.३२ | २३.६९ |
| तराई मधेश समृद्धि | SM-06-2075/76 | | ३२,६६,८१०।०० | | १९०७.४२ | ५८.३८ |
| तराई मधेश समृद्धि | SM-07-2075/76 | | १५,११,६१०।०० | | ८६७.६६ | ५७.४० |
| तराई मधेश समृद्धि | SM-08-2075/76 | | ४२,७७,०४४।४६ | | ५२५५.९० | ६८.२५ |
| वित्तिय समानिकरण | SM-09-2075/76 | | ५५,९९,८११।४७ | | ९९१ | १७६९ |

१५. **सशर्त अनुदान :-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४, मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको र आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले रु. ४०५७२८३७.३४ खर्चनभई बाँकी रकम मध्ये रु. २८०४३८६६.९१ मिति २०७६।०७।२१ मा संघिय संचित कोषमा फिर्ता गरेको छ । बाँकी रकम स्थानीय सञ्चित कोषमा जम्मा गरेकोले उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु १२५२८९७०.४३

| क्र.सं | अनुदानको किसिम | जम्मा अनुदान | खर्च | बाँकि (फ्रिज हुनुपर्ने) |
|---|---|---|---|---|
| १ | रा. ग्रामिण तथा नविकरणिय उर्जा | १५१८०००।०० | १२९१६२४।०० | २२६३७६।०० |
| २ | महिला बिकास | १८६७०००।०० | ७८१६४०।५० | १०८५३५९।५० |
| ३ | कृषि तर्फ | १५५३०००।०० | १६७९६८३।६० | (१२६६८३।६० |
| ४ | आयुर्वेद तर्फ | ४१०२०००।०० | ४२५८४६१।६० | (१५६४६१।६० |
| ५ | पशु तर्फ | २१०१०००।०० | ४८२३८६४।९९ | (२७२२८६४।९९ |
| ६ | एकिकृत स्वास्थ्य तर्फ | ४९०६८०००।०० | ४३१७०४३६।०२ | ५८९७५६३।९८ |
| ७ | शिक्षा तर्फ | २१२३७६०००।०० | १७८११२८७९।०८ | ३४२६३१२०।९२ |
| ८ | अस्पताल | १४७८८०००।०० | १७७१३७२६।८७ | (२९२५७२६।८७ |
| ९ | पुरातात्विक संरक्षण कार्यक्रम | ५००००।०० | ४९४८४६।०० | ५१५४।०० |
| १० | संस्कृति प्रबर्द्धन कार्यक्रम | ४००००००।०० | ०।०० | ४००००००।०० |
| ११ | वृक्ष सुधार वृक्षारोपण तथा निजि वन कार्यक्रम | १५००००।०० | ०।०० | १५००००।०० |
| १२ | समाज कल्याण कार्यक्रम | १३००००।०० | १०१०००।०० | २९०००।०० |
| १३ | बाल कल्याण कार्यक्रम | ५३०००।०० | ३३०००।०० | २००००।०० |
| १४ | राष्ट्रिय यूवा परिषद | ७८२०००।०० | ०।०० | ७८२०००।०० |
| १५ | खेलकुद विकास कार्यक्रम | १००००००।०० | १००००००।०० | ०।०० |

| | | | | |
|---|---|---|---|---|
| १६ | वातावरणिय सरसफाई | ४६०००।०० | ०।०० | ४६०००।०० |
| | **कुल जम्मा** | २९३१३४०००।०० | २५२५६११६२।६६ | ४०५७२८३७।३४ |

१६. **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका गाँउविकास समितिको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१७. **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

१८. **आर्थिक विवरण :** नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्दछ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।

१९. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । त्यस्तै योजनाको सम्झौता खातामा उपभोक्ता समितिको पदाधिकारीको नाम मात्र राखी अन्य विवरण नभर्दा योजनाको वास्तविक बस्तुस्थिती चित्रण नहुने, लागत अनुमान मध्ये उपभोक्ताले व्यहोर्ने अंश उल्लेख नगर्दा जनश्रमदान १० प्रतिशत भयो भएन एकिन गर्न नसकिने, कार्य कहिले सुरु गरी कुन मितिमा सम्पन्न हुने हो थाहा नपाउने, केही कार्यसम्पन्न तथा ठेक्का बिल कार्यकारी प्रमुखबाट प्रमाणित नभएका, नापी किताबमा आवश्यक विवरण नभरेका, लागत अनुमान स्वीकृत नगरेका जस्ता कारणले योजना भए गरेरै भुक्तानी भएको हो भन्न सकिएन । अतः यस्ता कार्यमा सुधार गरी भए गरेको कार्यलाई प्रमाणीत गर्नु पर्ने र प्रकृयागत रुपमा त्रुटी हुन नदिन कार्यालयले पहल गर्नु पर्दछ ।

२०. **उपभोक्ता समितिको विल भर्पाइः** सार्वननिक खरिद नियमावली २०६४ को नियम १९ (१) तथा नगरपालिका र उपभोक्ता समितिसंग भएको सम्झौताको शर्तको बुदा ८मा बिस हजार सम्मको प्यान नंवर भएको बिल र सो भन्दा बढिको निर्माण तथा अन्य सामाग्रीको बीलहरु मुल्य अभिबृद्धि करमा दर्ता ब्यक्तीसग मात्र कारोवार गनुपर्ने ब्यबस्था भएकोमा नमुना छनौटगर्दा उपभोक्ता समितिले कानुन तथा सम्झौताको शर्त बिपरीत कर बिजक बेगर देहाय बमोजिम भरपाइको आधारमा खरिद कार्य गरेको देखिएकोले उपभोक्ता समितिको खरिदकार्य नियमित नहुदा पनि भुक्तानी दिएको छ ।यस्ता कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| ब. उ. शि. नं. | गोश्वरा भौचर नंवर | उपभोक्ता समितिको नाम | उपभोक्ताको आपुर्तिकता | बिबरण | उपभोक्ताको खरिद रकम |
|---|---|---|---|---|---|
| बित्तिय समानिकरण | ११४।२०७६।२।३१ | स्ट.ट बोडिङ देखिफोहोरमैला ब्यबस्थापन उ.स. | लक्ष्मी नारायण साह | ९२ ढिप | ४६४६०.०० |
| बित्तिय समानिकरण | ११४।२०७६।२।३१ | स्ट.ट बोडिङ देखिफोहोरमैला ब्यबस्थापन उ.स. | संञ्जय साह | ९२ ढिप | ४६४६०.०० |
| बित्तिय समानिकरण | ११४।२०७६।२।३१ | स्ट.ट बोडिङ देखिफोहोरमैला ब्यबस्थापन उ.स. | राजिन्द्र प्रसाद | ९२ ढिप | ४६४६०.०० |
| बित्तिय समानिकरण | ११४।२०७६।२।३१ | स्ट.ट बोडिङ देखिफोहोरमैला ब्यबस्थापन उ.स. | राम तयारी देवी | जे.सि.वि.बाट | २७००००.०० |
| बित्तिय समानिकरण | ११६। २०७६।२।३१ | बौवा पासबान घरदेखि बिशेसर महरको घर | राम प्रसाद महतो | बालुबा,गीटि | १९८०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सम्म बाटो ढलान उ.स | | | |
| बित्तिय समानिकरण | ११६। २०७६।२।३१ | ” ” | रामबृद्धाराम | गीटी | ४२०००.०० |
| बित्तिय समानिकरण | १२०।२०७६।२।३१ | देबि मा को मन्दिर पुननिर्माण उ.स. | त्रिपुल राय | सेटरिङ | १०४५३८.०० |
| बित्तिय समानिकरण | १३०।२०७६।३।३ | बाइसी पोखरीघाट निर्माण समिति उ.स. | अशोक कुमार यादब | गीटी | ६००००.०० |
| बित्तिय समानिकरण | १३०।२०७६।३।३ | ” | ओम प्रकास यादब | बालुवा | ७५०००.०० |
| बित्तिय समानिकरण | १३०।२०७६।३।३ | ” | लक्ष्मण यादब | माटो | ५४०००.०० |
| बित्तिय समानिकरण | ३४३।२०७६।३।२५ | किशुनलालको घरद्खि हनुमान मन्दिर सम्म बाटो मर्मत उ.स. | नन्द किशोर यादब | माटो | १५६८००.०० |
| बित्तिय समानिकरण | ३४३।२०७६।३।२५३ ४३।२०७६।३।२५ | ” | रामकृण मोसैना | माटो | १५६४००.०० |
| बित्तिय समानिकरण | ३४३।२०७६।३।२५ | ” | रामसागर मोसैना | ग्राभेल | १५४८०० |
| बित्तिय समानिकरण | ३४९।२०७६।३।२५ | दुखि साहको घरदेखि लक्ष्मी भलाइको घरसम्म ढलान उ.स. | बालकृण्ण कुमार मुखिया | | २५२०००.०० |
| बित्तिय समानिकरण | ३७९।२०७६।३।३१ | मोक्षधाम निर्माण | प्रमोद कुमार पोद्दार | निर्माण सामाग्री | ११२५००.०० |
| बित्तिय समानिकरण | ३७९।२०७६।३।३१ | मोक्षधाम निर्माण | प्रमोद पोद्दार | बैरिङ भाडा | ३५००००.०० |
| बित्तिय समानिकरण | ३८१।२०७६।३।३१ | कृण्ण सोबरण मन्दिर निर्माण | राम सेवक दाश | | १९४५२५.०० |
| बित्तिय समानिकरण | | | जिबछ साह | | ५९५००.०० |
| बित्तिय समानिकरण | ३३५।२०७६।३।२५ | सल्हेस मन्दिरको परिशर माटो पुर्ने कार्य | निरज निर्माण सेबा | | ३०६४५०.०० |
| बित्तिय समानिकरण | ३३५।२०७६।३।२५ | सल्हेस मन्दिरको परिशर माटो पुर्ने कार्य | राजेश सप्लायर्स | | ३०००००.०० |
| बित्तिय समानिकरण | ३३५।२०७६।३।२५ | सल्हेस मन्दिरको परिशर माटो पुर्ने कार्य | अनक कुमार यादब | | १५००००.०० |
| बित्तिय समानिकरण | ३३५।२०७६।३।२५ | सल्हेस मन्दिरको परिशर माटो पुर्ने कार्य | कपिलदेब सुढि | | १५००००.०० |
| | | | जम्मा | | **३२८५८९३.००** |

२१. **जटिल प्रकृतिका निर्माण कार्य:**सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७ को उपनियम(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर,रोलर ग्रेडर,बिटुमिन, जस्ता हेभि मेशिन प्रयोग गर्न सकिने छैन भन्ने ब्यबस्था भएपनि सोहि उपनियममा लागत अनुमान तयार गर्दाको समयमानै हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृति कार्य भनी उल्लेख गरी प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिइ उल्लेखित कार्य गर्न सकिने ब्यवस्था गरेको छ । नगरपालिकाले जटिल प्रकृतिका हेभि उपकरण प्रयोगबाट हुने कार्य जस्तै बाटो पीच, ढलान, भवन निर्माण जस्ता उपभोक्ता आफैले गर्न नसक्ने कार्य पनि उपभोक्ता समितिबाट गराए पनि प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट स्विकृति लिएको देखिएन । नमुना छनौट गर्दा उक्त कानून बमोजिम प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट लिखित सहमति लिएको नदेखिएकोले अनियमित देखिएको रु

| ब.उ.शि.न. | गो.भौ नं मिति | उ.स.को नाम | कार्य | खर्च रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| बित्तिय समानिकरण | ३०३।२०७६।३।२५ | खानेपानी तथा डिप ट्युवेल निर्माण उ .स. | डिप ट्युवेल निर्माण | ९६३९४२.०० | ५४७७४३५ |
| बित्तिय समानिकरण | ३१२।२०७६।३।२५ | महेन्द्र ठाकुरको घरदेखि सुर्यनाथको घरसम्म बाटो निर्माण उ.स. | आर.सि.सि. ढलान | ११८४१५४.०० | |
| बित्तिय समानिकरण | ३५१।२०७६।३।२५ | धनिकलाल घरदेखि मूल्ला घरसम्म सडक निर्माण उ.स. | आर.सि.सि. ढलान | १९७५८६६.०० | |
| बित्तिय समानिकरण | ३७६।२०७६।३।३१ | खानेपानी डिप टयुबेल जडान उ.स. | डिप टयुबेल जडान | १३५३४७३.०० | |
| | | | **जम्मा** | **५४७७४३५.००** | |

२२. **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीको लागि निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कर्मचारी कल्याण कोषको व्यवस्था गरेको छ । जस अनुसार यस वर्ष रु २० लाख मुल खाताबाट ट्रान्सफर गरेकोमा सोही वर्ष यस खातामा आम्दानी हुन नसकेकोले गत र्षको अल्या रु. २७७४७६८.९२ मध्ये यो वर्ष रु. ६४८२५४.७३ खर्च भई रु. २१२६५१४.१९ बाँकी रहेको विवरण पेश गरेको छ । यो बाहेक अन्य कोषहरुको अवस्था निम्नानुसार छ ।

| निकायमा रहेका कोषको नाम | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|
| धरौटी | ५५०२१०८।६० | ३८५६७६९।३८ | १६२५००३।९५ | ७७८७३७४।०३ |
| वातावरण | १५०२४०६।६७ | ५०००००।०० | २६२९९।०० | १९७६१०७।६७ |
| कर्मचारी कल्याण कोष | २७७४७६८।९२ | ०।०० | ६४८२५४।७३ | २१२६५१४।१९ |
| महिला तथा वालवालिका विशेष कोष | २३४०९९।०० | ५०००००।०० | ५०००००।०० | २३४०९९।०० |
| प्रकोप व्यवस्थापन | ११०२६६।०० | ३००००००।०० | १०७४०८५।०० | २२३६१८१।०० |
| मर्मत सम्भार | १५२६६९७७।८६ | ५००००००।०० | १६४९७८३।९९ | १८६१७१९३।८७ |
| गरिवि निवारण तथा सामाजिक परिचालन | १००००००।०० | ०।०० | ०।०० | १००००००।०० |
| आन्तरिक श्रोत | ४८८२५१९।१४ | ०।०० | ०।०० | ४८८२५१९।१४ |

२३. **वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेको छैन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन र नदी सरसफाई पर्दछन् । यसरी वातावरण तथा विपत व्यवस्थापनमा बजेट व्यवस्था गरेको विवरण पेश गरेको छैन ।

२४. **सरकारी तथा सार्वजनिक जग्गाको उपयोग तथा संरक्षण** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबायाका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको देखिएपनी त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख तथा Digitize गरी रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको देखिएन । साथै नगरपालिकाको सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख नराखिएको कारणबाट सार्वजनिक पर्तिको रुपमा रहेका जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे नरहेको र ऐनको दफा ९७ बमोजिम नगरपालिकाले सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तानतरण गर्न लिजमा दिन नपाउने व्यबस्था भएपनि सार्बजनिक जग्गा कसैले उपयोग गरे नगरेको एकिन हुने अवस्था देखिएन ।

२५. **करदाताको अभिलेख** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ब्यापार, ब्यावसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा ब्यबसाय कर

| | | |
|---|---|---|
| | लगाउने व्यवस्था छ । त्यस्तै ऐनको दफा ५५,५६,५७,५९,६०,६१ र ६२ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गामा सम्पत्ति कर, जग्गाको उपयोगमा भुमिकर(मालपोत), कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा,छप्पर,कारखाना,जग्गा वा पोखरी वहालमा वहाल कर,आफुले निर्माण, रेखदेख र संञ्चालन गरेको हाट बजार, पसल र जग्गामा वहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडिबुटी, कवाडी र जिबजन्तु कर, सेवा शुल्क आदी लगाउन सक्ने ब्यबस्था भएपनि करदाताको अभिलेख ब्यबस्थित रुपमा राखेको पाइएन । | |
| २६. | **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका कममा नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २७. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा नगरपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| २८. | **आय असुलीको तुलनात्मक अवस्था** : पालिकाले यस वर्ष आन्तरिक आय रु ३ करोड ५४ लाख ५७ हजार असूल गर्ने अनुमानित गरेकोमा अनुमानित आयको ३९.१९ प्रतिशत अर्थात रु १ करोड ३८ लाख ९६ हजार असुलि गरेको छ । लक्ष्य निर्धारण भए अनुसार कम आय असुलिको कारणहरु विश्लेषण गरी सुधारका उपायहरु अबलम्बन गरेको पाइएन । | |
| २९. | **रसीद नियन्त्रण खाता** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिदको छपाई एवं विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरुमा पठाएको रसिदको आम्दानी खर्च ( उपयोग) खुल्ने अभिलेख रसीद नियन्त्रण खाता अद्यावधिक नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ। | |
| ३०. | **राजश्वको सफ्टवेयर** : नगरपालिकाले राजश्व असूलीलाई व्यवस्थित बनाउन साङ्ग्रीला माइक्रोसिस्टम प्रा.लि. ले तयार गरेको MAS (Municipality Accounting System) सफ्टवेयर प्रयोगमा ल्याएको भएता पनि वडा कार्यालयहरुले मेनुअल माध्यमबाट आम्दानीको अभिलेख गरेको देखिएको छ । यस सम्बन्धमा आगामी दिनमा पूर्ण रुपमा सफ्टवेयर बाट आम्दानीको अभिलेख राखिने नगरपालिकाको भनाई रहेको छ । पालिकाले पुर्ण रुपमा सुरक्षित सफ्टवेयरको प्रयोग गरी राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थित गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३१. | **नगद दाखिला** : आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ताखडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही सम्म गर्न सक्ने ब्यबस्था छ । यस पालिकाको निम्न लिखित वडाहरुबाट लेखापरीक्षणको लागि पेश भएका नगदी रसिद तथा मालपोत रसिद र आम्दानी दाखिला गरेको भौचर भिडाउँदा आम्दानी गरीएको जम्मा रकमभन्दा बैङ्क दाखिलाको रकम बढी देखिएकोले वास्तविक आम्दानी पालिकाको संचित कोषमा दाखिला भएको हो भन्ने एकिन गर्न नसकिएकोले पालिकाले सम्बन्धित वडा कार्यलयको आम्दानी र संचित कोष दाखिलाको सम्बन्धमा छानविन गरी वास्तविक आम्दानी र सो वरावरको रकम संचित कोषमा दाखिला भए-नभएको एकिन गर्नुपर्ने देखियो | |

| वडा नं. | असुली रकम | दाखिला रकम | बढी दाखिला |
|---|---|---|---|
| ६ | ८६४०७.९० | ८७६००.११ | ११९२.२१ |
| १० | १६८८२०.४९ | १७२३३०.४९ | ३५१० |
| १७ | २०५९९४.४५ | २४४६७५.७५ | ३८६८१.३० |
| १९ | २७२८५९.६५ | ३०१६९५.९२ | २८८३६.२७ |
| २१ | १२९०५० | १३९०५० | १०००० |
| २२ | २१७९९१.७१ | २९०७३६.२६ | ७२७४४.५५ |
| जम्मा | १०८११२४.२ | १२३६०८८.५३ | १५४९६४.३३ |

३२. **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई २०७५।४।१ देखि सवै पालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन ।

३३. **सुशासन ऐन तथा सूचनाको हक कार्यन्वयन अवस्था** सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सार्वजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्थाका साथै, सुशासन ( व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेकोछ । यि प्रावधान अनुसार नगरपालीकाले आ.व. २०७५/७६ मा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको र वेभसाइडमा अपलोड गरेको छैन ।

३४. **सार्वजनिक परिक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सो अनुसार सार्वजनिक परिक्षण र सुनुवाई गरेको छैन ।

३५. **योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले यस्तो कार्य कार्यन्वयनमा ल्याएको छैन । जस्तै: जनजाती जनचेतना अभिवृद्धि, जेष्ठ नागरीक सम्मान फुल वितरण, मेयर गोल्ड कप जस्ता साल बसाली कार्यमा समेत बजेट विनियोजन गरी खर्च गरेको छ ।

३६. **आन्तरीक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ९६ वमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ । तर यस कार्यालयले आन्तरिक लेखापरीक्षण गराएकोमा प्रभावकारी छैन ।

३७. **सभाको निर्णय कार्यान्वयन** :- यस वर्ष सम्पन्न नगरपालिका सभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को फलोअप रजिष्टरमा अभिलेख राखेको छैन । यो वर्ष के कस्ता कति योजना सन्चालन र सम्पन्न भए पालिकाले फलोअप रजिष्टर नराखेकाले योजनाको विश्लेषण गर्न सकिएन । पालिकाले अभिलेख नराखेकोले वास्तविक योजना कार्यन्वयनको विश्लेषण गर्न सकिएन ।

३८. ब.उ.शि.नं. ८०१७६९३ (**अन्तर सरकारी वित्तिय हस्तान्तरण**) चालु

**सफ्टवेयर खरिद, निर्माण तथा प्रमाणिकरण** : नेपाल सरकारको सूचना प्रविधि प्रणाली(व्यवस्थापन तथा संञ्चालन) निर्देशिका, २०७१ को बुदा ४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न केन्द्रीय निकाय मार्फत सुचना प्रविधि विभागमा पठाउनुपर्ने, प्राप्त भएको कागजका आधारमा प्राविधिक समितिबाट जाँचबुझ गराई मानक बमोजिम पाइएमा विभागले तीस दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था छ । स्थानीय तहले प्रयोगमा ल्याएको कम्प्युटर सफ्टवेयर

आफ्नो कार्यसम्पादन, सेवाप्रवाह, लेखा तथा प्रतिवेदनको लागी प्रयोग गर्दा विभागबाट प्रमाणीकरण नगराइ प्रयोगमा ल्याउने गरेको पाईएको छ । विभागबाट प्रमाणीकरण नगराइ सफ्टवेयर प्रयोगमा ल्याउदा युजरलगको व्यवस्था, डिजिटल हस्ताक्षर मैत्रि (PKI Software Enabled) समेत सूविधा नहुने हुदा Governmentent Enterprise Architecture आधारित स्वीकृत मापदण्डको सफ्टव्यर नहुने देखिन्छ। मापदण्ड वेगरका यस्ता सफ्टवेयरहरु प्रयोग गर्दा कार्य गुणस्तरिय नहुने र कतिपय अवस्थामा यथार्थ आम्दानी खर्चको हिसाव नभएको समेत देखिएको छ । नगरपालिकाले सफ्टवेयर प्रयोग गर्दा कानूनअनुसार प्रमाणीकरण तथा स्वीकृत गराएको सफ्टवेयर प्रयोग गरीनुपर्दछ ।

३९. **गत वर्षको दायित्व भुक्तानी २६।२०७५.६.२२** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (७) र (८) अनुसार स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा बिल भरपाई बमोजिमको रकम अगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा (म.ले.प.फा.नं.१८) भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई कार्यालय प्रमुख र आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराई तालुक निकायमा पठाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले भुक्तानी दिन वाँकिको कच्चावारी प्रमाणित नगराई ११३ जना पदधिकारीहरुको २०७४ असौज देखि २०७५ आषाढ सम्मको सेवा पारिश्रमिक रु १,१६,३७,०००।०० भुक्तानि दिएको छ । यसरी भुक्तानी बाँकीको कच्चावारी तयार नगरी गत वर्षको पारिश्रमिक यस वर्ष भुक्तानी दिंदा सोको भुक्तानी बाँकी हो वा होइन भन्न सक्ने अवस्था रहँदैन । नियमावलीमा भएको व्यवस्था अनुरुपका प्रक्रिया पूरा नगरी एक आर्थिक वर्षको दायित्व भुक्तानी अर्को आर्थिक वर्षमा गर्नु नियमसम्मत नदेखिएको रु.

१,१६,३७,०००।०

४०. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं २ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार यस नगरपालिकाले देहाय बमोजिम रु. १५३४८०००.०० सुविधावापत भुक्तानी भएको छ

| विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष २२ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ७९ जना | जम्मा वार्षिक |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा पारिश्रमिक | ३५०००।०० | ३१०००।०० | २२०००।०० | २२०००।०० | ७०००।०० | |
| वार्षिक | ४२०००० | ३७२००० | ५८०८०००० | २११२००० | ६६३६००० | १५३४८०००० |

४१. **वितरणमुखी खर्चः** पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा नगरपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ । यस्ता संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियम संगत नदेखिएको सहायता रकम न्यूनिकरण गर्दै जानुपर्ने देखिन्छ । साथै खर्च रकम नियमित हुनु पर्ने रु

२६५४७२०

| गो.भौ.नं, मिति | नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १७९/२०७५.१०.९ | दुर्गा मन्दिरमा रहने बोका र सिरहा पोखरीका माछा | पोषक तत्व भिटा क्यालसियम र कृषि चुन | ३३२५० |
| ३५१/२०७६.३.३ | लोकतान्त्रिक प्राध्यापक संघ | महाधिवेशन | १०००० |
| ५११/२०७६.३.२६ | नगरपालिका संघ | वार्षिक सुल्क | २५००० |
| ४६४/२०७६.३.२४ | कर्मचारी १५० | १५० थान व्याग वितरण | २१३५७० |
| ४९४/२०७६.३.२५ | कर्मचारी १५० | १५० थान रेनकोट वितरण | ३३९००० |
| ३७६/२०७६.३.८ | सिरहा जिल्ला फुटवल संघ | फुटवल प्रतियोगिता | ५०००००.०० |
| ४२२।२०७६.३.१७ | सिरहा जिल्ला फुटवल संघ | मेयर गोलड कप फुटवल प्रतियोगिता | १५००००० |

| | | | |
|---|---|---|---|
| २५१/२०७५.११.२२ | जिल्ला प्रहरी कार्यालय | एल.ई.डि. टि.भि खरिद | ३३९०० |
| | | जम्मा | २६५४७२० |

४२. **अनुगमन भत्ता (वडा स्तरिय)-** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहको योजनाहरु अनुगमन गरे बापत पाउने पारिश्रमिक सम्बन्धी स्पष्ट व्यवस्था गरेको छैन । तर पालिकाले २२ वटा वडाका विभिन्न मितिमा वडा स्तरिय योजना अनुगमन गरेको भनी ५ जना पदाधिकारी एवं कर्मचारीहरुको नाममा देहाय बमोजिम अनुगमन भत्ता भुक्तानी गरेको छ । यसरी कानुनमा अनुगमन भत्ता सम्बन्धी स्पष्ट व्यवस्था नभएको अवस्थामा समेत अनुगमन भत्ता खर्च लेख्ने आधार नदेखिएको रु

५,९८,०००।०

४३. **अनुगमन भत्ता-** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहको योजनाहरु अनुगमन गरे बापत पाउने पारिश्रमिक सम्बन्धी स्पष्ट व्यवस्था गरेको छैन । तर विभिन्न मितिमा अनुगमन गरेको भनी . पदाधिकारी एवं कर्मचारीहरुको नाममा देहाय बमोजिम अनुगमन भत्ता भुक्तानी गरेको छ । यसरी कानुनमा अनुगमन भत्ता सम्बन्धी स्पष्ट व्यवस्था नभएको अवस्थामा समेत अनुगमन भत्ता खर्च लेख्ने आधार नदेखिएको रु ................

१६४०००

| गो.भौ.नं /मिति | भुक्तानी लिने | अनुगमनको विषय/प्रयोजन | अनुगमन भत्ता रकम रु |
|---|---|---|---|
| ४५७/२०७६.३.२४ | कार्यपालिका १० सदस्य | सुरक्षित आप्रवासन विषयकोअभिमूखिकरण २०७६.२.२१ गते सदस्य १० | १०००० |
| ,, ,, | ,, ,, १५ | सुरक्षित आप्रवासन विषयकोअभिमूखिकरण २०७६.२.२२ गते सदस्य १५ | १५००० |
| ,, ,, | ,, ,, २९ | सुरक्षित आप्रवासन विषयको अभिमूखिकरण २०७६।२।२३गते सदस्य २९ | २९००० |
| ५२४/२०७६.३.३१ | पदाधिकारी ३ कर्मचारी २ | नगरस्तरिय योजना अनुगमन २०दिन | १००००० |
| | | **जम्मा** | **१६४०००** |

४४. **वडा समिति वैठक भत्ता :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा न्यायिक समिति वा कुनै समितिको वैठकमा भाग लिएवापत अनुसुचि १ मा उल्लेख भएको दरले लिनुपर्ने साथै सो अनुसुचिमा उल्लेख भएका समिति वाहेक अन्य वैठकहरुमा भत्ता लिन नपाउने व्यवस्था छ । पालिकाका २० वटा वडा तर्फका पदाधिकारीहरुलाइ वैठकमा भाग लिए वापत विभिन्न भौचरबाट कानुन विपरित वैठक भत्ता रु ३२३४३०९।०० भुक्तानी भएकोले उक्त ऐनमा व्यवस्था नभएको भत्ता भुक्तानी दिन पाउने कानुनी आधार नभएको रु..

३२३४३०९।००

४५. **नगरसभा वैठक भत्ताः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा न्यायिक समिति वा कुनै समितिको वैठकमा भाग लिएवापत अनुसुचि १ मा उल्लेख भएको दरले लिनुपर्ने साथै सो अनुसुचिमा उल्लेख भएका समिति वाहेक अन्य वैठकहरुमा भत्ता लिन नपाउने व्यवस्था छ । पालिकाका वडा तर्फका पदाधिकारीहरुलाई वैठकमा भाग लिए वापत देहाय भौचरबाट कानुन विपरित वैठक भत्ता रु ५२६०००।०० भुक्तानी भएकोले उक्त ऐनमा व्यवस्था नभएको भत्ता भुक्तानी कार्य नियमित मान्न नसकिएको रु..

५२६०००

| समिति/वडा.नं | गो.भौ.नं /मिति | बिबरण | वापत | बैठकभत्ता |
|---|---|---|---|---|
| नगरसभा | ५।२०७५.६.१२ | दोस्रो नगरशभा वैठक पदाधिकारी १२२ वैठकसंख्या २ | दोस्रो नगरशभा वैठक भत्ता | ३६६०००.०० |
| नगरसभा | ५।२०७५.६.१२ | दोस्रो नगरशभा कार्य पालिका वैठक पदाधिकारी ४० वैठकसंख्या ४ | कार्य पालिका वैठक भत्ता | १६००००.०० |
| | | | जम्मा | **५२६०००** |

४६. **नर्म्स भन्दा बढी भुक्तानी** : अर्थ मन्त्रालय कार्यसन्चालन निर्देशिका को दफा ७.१.१५ को ४ अनुसार सम्बन्धित कार्यालयको स्रोत व्यक्तिले प्रशिक्षण तालिममा कक्षा संचालन गर्दा कक्षा लिएबापत कार्यपत्रकोमात्र

| | | |
|---|---|---|
| | पाउने भत्ता भन्दा पालिकाले भुक्तानी गरेको भत्ता अर्थ मन्त्रालय कार्यसन्चालन निर्देशिका भन्दा नमुना छनोटको आधारमा परीक्षण गर्दा निम्नानुशार रु ५५२३० बढीपाउने कानुनी आधार नदेखिएको रु..... | ५५२३० |

| व.उ.शि.नं. | भौँनँ / मिष्ट्टि | कार्यक्रमको नाम | भुक्तानी लिने | कक्षा संख्या | प्रति कक्षा,सेसन भुक्तानी दर | अर्थ मन्त्रालय कार्यसन्चालन निर्देशिको दर | भुक्तानी लिएको रकम | नर्म्स अनुसार पाउने रकम | कर बाहेक बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| समानिकरण चालु | ५२८/२०७६.३.३१ | छात्रा सेल्फ डिफेन्स तालिम | संयोजक ३ | २ | १५०० | ४०० | ९००० | २४०० | ५६१० |
| ,, | ५२८/२०७६.३.३१ | छात्रा सेल्फ डिफेन्स तालिम | संयोजक | ३ | २५०० | ४०० | ७५०० | १२०० | ५३५५ |
| ,, | ५२८/२०७६.३.३१ | साईको सोसल थेरापी | संयोजक | ३ | एकमुष्ठ १०००० | ४०० | एकमुष्ठ १०००० | १२०० | ६६३० |
| ,, | ५२८/२०७६.३.३१ | जेष्ठ नागरीक सम्मान | प्रशिक्षक २ | २ | २५०० | ४०० | १०००० | ३२०० | ५७८० |
| ,, | ५२८/२०७६.३.३१ | जेष्ठ नागरीक सम्मान | संयोजक | २ | एकमुष्ठ ७५०० | ४०० | एकमुष्ठ ७५०० | ८०० | ५३५५ |
| ,, | ५२८/२०७६.३.३१ | जेष्ठ नागरीक सम्मान | प्रशिक्षक २ | २ | २५०० | ४०० | १०००० | ३२०० | ५७८० |
| ,, | ५२८/२०७६.३.३१ | ह्याण्डीक्रतफ्ट तालिम | संयोजक २ | २ | ७५०० | ४०० | १५००० | १६०० | ११३९० |
| ,, | ५२८/२०७६.३.३१ | ह्याण्डीक्रतफ्ट तालिम | संयोजक | ३ | एकमुष्ठ १००० | ४०० | एकमुष्ठ १०००० | १२०० | ६६३० |
| | | **जम्मा** | | | | | | | ५२५३० |

| | | |
|---|---|---|
| ४७. | **विद्युत विल**:- ५०७ ।२०७६.३.३१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा रित प्रकृया पुरा गरि यथेष्ट प्रमाण विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ। पालिकाले विद्युत वापत रु४००००।०० भुक्तानी गरेकोमा महसुल विल पेश नभएकोले पेश हुनु पर्ने रु | ४००००।०० |
| ४८. | **स्वकीय सचिवको पारिश्रमिक**–कार्यालयले स्वीकृत दरवन्दीका कर्मचारीहरुको मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ। साथै प्रदेश २ अर्न्तगत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा पालिकाको प्रमुख एवम उप प्रमुखको सचिवालयको लागि थप कर्मचारी नियुक्त गरी तलव भत्ता भुक्तानी दिन मिल्ने व्यवस्था छैन। पालिकाले नगरपालिका प्रमुख लागी नियुक्त स्वकीय सचिव श्री राम प्रकाश यादव लाई आर्थिकवर्ष २०७५।७६ मा दैनिक ज्यालादारीमा दैनिक रु ५००।०० का दरले पारिश्रमिक रु **१८२५००।००** भुक्तानी गरेकोमा स्वीकृत दरवन्दी वेगर स्वकीय सचिवको पारिश्रमिक खर्च लेख्ने आधार देखिएन। तसर्थ कानुनी तथा नीतिगत एवं दरवन्दि व्यवस्था गरेर मात्र खर्च लेख्नु पर्दछ। | |
| ४९. | **भान्सेको पारिश्रमिक** कार्यालयले स्वीकृत दरवन्दीका कर्मचारीहरुको मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ। साथै प्रदेश २ अर्न्तगत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा थप कर्मचारी नियुक्त गरी तलव भत्ता भुक्तानी दिन मिल्ने व्यवस्था छैन। पालिकाले अरुण कुमार तामाङ्गलाई भान्सेको रुपमा आर्थिकवर्ष २०७५।७६ को लागि दैनिक ज्यालादारीमा दैनिक ज्याला रु ५००।०० का दरले पारिश्रमिक रु **१८२५००।००**भुक्तानी गरेकोमा स्वीकृत दरवन्दी वेगर भान्सेको पारिश्रमिक खर्च लेख्ने आधार देखिएन तसर्थ कानुनी तथा नीतिगत एवं दरवन्दि व्यवस्था गरेर मात्र खर्च लेख्नु पर्दछ। | |
| ५०. | **घरभाडा** प्रदेश २ अर्न्तगत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा | |

| | | |
|---|---|---|
| | पालिकाको प्रमुखको आवासको लागि घरभाडा उपलब्ध गराउन मिल्ने व्यवस्था छैन । पालिकाले दोश्रो नगरशभा २०७४.३.२० कोनिर्णय नं २० अनुसार यस वर्ष नगर प्रमुखको आवासको लागि मासिक रु २५००० का दरले रु ३०००००।०० भुक्तानी गरेको छ । प्रदेश २ अर्न्तगत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा व्यवस्था नभएको सुविधा लिएको रु. | ३०००००।०० |
| ५१. | **अतिरिक्त समय बापत खर्च**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा स्थानीय तहका कर्मचारकिो सेवा सुविधा प्रदेश सरकारले तोके वमोजिम हुने र प्रदेश सरकारले नतोके सम्म नेपाल सरकारले तोके बमोजिम हुने उल्लेख छ । कार्यालयले यस वर्ष नेपाल सरकार तथा प्रदेश सरकारले व्यवस्था गरेको भन्दा बाहेक प्रोत्साहन भत्ता (अतिरिक्ति समय भत्ता) देहाय बमोजिम खर्च लेखेको देखियो । नेपाल सरकारले कर्मचारीलाई कार्य गरे वापत मासिक तलव भत्ताको व्यवस्था गरेकोमा अतिरिक्त समय कार्य गरे वापत खर्च लेख्न मिल्ने कानुनी आधार नभएको अवस्थामा ६३ जनाकर्मचारीको लागि गो.भौ.नं २९ र ३० मिति २०७५.६.२२ बाट वार्षिक रु १४,१९,९०२।०० अतिरिक्त खर्च लेखेको तथा अतिरिक्त समय काम गरेको हाजिरी अभिलेख समेत नराखि रकम दिनु नियम सम्मत नदेखिएको रु..................... | १४,१९,९०२। |
| ५२. | **पदाधिकारी पर्व खर्च** २६।२०७५.६.२२ प्रदेश २ अर्न्तगत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा पालिकाको पदधिकारीहरुको लागि पर्व खर्च उपलब्ध गराउने ब्यवस्था गरेको छैन । पालिकाले यो वर्ष ११३ जना पदाभिकारीहरुको लागि पर्व खर्च वापत रु १२९३०००।०० उपलब्ध गराएको पाईयो । प्रदेश कानुनमा उल्लेख नभएको सुविधा संचितकोष दाखिला हुनु पर्ने रु | १२९३०००।० |
| ५३. | **संचार खर्च**: प्रत्येक वडालाई रु २५००० का दरले रु ५५००००।०० संचार खर्च बापत बांडफांड गरी सोही बरावर खर्च गरेको छ । उक्त बजेट मध्ये प्रत्येक वडालाई रु. २५००० हजार का दरले सञ्चार खर्च शिर्षकमा छुट्याएकोमा रु. ५४६३८०।०० खर्च गरेको छ । वडा कार्यालयहरुमा ल्याण्ड लाइन फोनको व्यवस्था गरी यस्ता प्रकृतीका सर्चहरु न्यूनिकरण गरीनु पर्दछ । | |
| ५४. | **प्रमाण वेगरको खर्च**<br>क . गो.भौ.न ४६८।२०७६.३.१२ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा रित प्रकृया पुरा गरि यथेष्ट प्रमाण विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । पालिकाले नेपाल क्रियटिभ हाउस अनामनगर काठमाण्डौलाई वातावरण, जलवायु परिवर्तन तथा विपद व्यावस्थापन सम्वन्धि ३ दिने तालिम सञ्चालन गरेवापत रु ४९८३३०।०० भुक्तानी दिएकोमा विल भपाई, प्रशिक्षक, प्रशिक्षार्थि खर्च तथा लेखापरिक्षण प्रतिवेदन पेश नगरेकोले खर्चका प्रमाण पेश हुनु पर्ने रु | ४९८३३०।० |
| ५४.१. | गो.भौ.नं.३८१।२०७६.३.८ कानुनी परामर्श तथा सेवाको लागि अधिवक्ता द्वय श्रीवालकुमार गुप्ता र प्रमोदकुमार भट्टराईलाई रु ३६५०००।०० भुक्तानी दिएकोमा शेवाशुल्क निर्धारण, छनौटको आधार, सम्झौता, सेवाका शर्तहरु पेश हुन नआएकोले पेशहुनु पर्ने रु | ३६५०००।० |
| ५५. | **खरिद योजना** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ उपनियम(१)मा सार्वजनिक निकायले बार्षिक दशलाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथाबजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यबस्था छ ।त्यस्तै सोहि नियमको उपनियम (५) मा सार्वजनिक निकाय प्रमुखले चालु आ. व.को स्विकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि सो अनुरुप यो नियम बमोजिम तयार भएको बार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गनुपर्ने ब्यबस्था छ । पालिकाको कार्यालय सञ्चालन तथा मसलन्दमा र अन्य कार्यालय संचालन सम्बन्धित बार्षिक बजेट रु १,२२,४०,००००।०० व्यवस्था भएपनि बार्षिक खरिद योजना तथा लागत अनुमान तयार नगरी पटक पटक टुका खरिद गरी रु.१,२१,३८३९८।०० खर्च लेखेको छ । कानून बमोजिम बार्षिक खरिद योजना तयार गरी खरिद कार्य गरिनुपर्दछ । | |
| ५६. | **नि.शुल्क स्वास्थ्य शिविर** ५२१।२०७६.३.३१ सिरहा नगरपालिका वडा न.१९ सनहैठामा मिति २०७५ .१०.२५ गते नि.शुल्क स्वास्थ्य शिविर संचालन ५३५ जनाको स्वास्थ्य परिक्षण गरि खर्चको विल भर्पाइ फांटवारी सहित विन्देश्वर यादवको पेश्कि फछ्यौट गरेको भौचरमा देखिएका व्यहोराहरु निम्नानुशार छन । | |
| ५६.१. | **शिविर अनुगमन** सिरहा नगरपालिका वडा न.१९सनहैठामा मिति २०७५ .१०.२५ गते नि.शुल्क स्वास्थ्य शिविरको अनुगमन ५ जनाले गरको भनि रु २०००।०० का दरले रु १००००।०० खर्च लेखेकोमा अनुगमन भत्ता पाउने आधार नभएको रु | १००००।०० |
| ५६.२. | **यातायात खर्च** . नगरलालिका भित्रैको वडामा संचालन भएको यस शिविरमा कार्यालयबाट सरकारी सवारी साधन सुविधा उपलब्ध भएका नगरपालिका भित्र अवस्थित कार्यालयहरुमा कार्यरत ४ जना समेत ७ जना | |

<table>
<tr><td></td><td>सहभागि चिकितसकले जनहि रु ५००० का दरले यातायात खर्च सुविधा रु ३५००० र कर्मचारी तर्फ भत्ताका अतिरिक्त यातायात खर्च ८ जनाको रु १०००।०० का दरले रु ८०००।०० लिएको पाईएकोले यातायात सुविधाको आधार, दर तथा मापदण्ड पेश हुनु पर्ने रु...............</td><td>४३०००।००</td></tr>
<tr><td>५६.३.</td><td><u>औषधि वितरणको अभिलेख</u> ५२१।२०७५.३.३१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा रित प्रकृया पुरा गरि यथेष्ट प्रमाण विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ। विन्देश्वर यादनको पेश्कि फछ्र्यौट फांटवारिमा पालिकाले वडा नं १९मा मिति २०७५.१०.२५ संचालित नि ं.शुल्क स्वास्थ्य शिविर गर्न रु ३०९४९०।० मूल्य बराबरका ३९ प्रकारका औषधि खरिद गरेकोमा विरामिको प्रेश्क्रिप्सन र औषधि दाखिला र वितरणको अभिलेख पेश नगरेको हुँदा पेश हुनु पर्ने रु</td><td>३०९४९०।०</td></tr>
<tr><td>५६.४.</td><td>फांटवारिमा संलग्न औषधि खरिदको विलमा विजक मिति शिविर सम्पन्न भन्दा पछाडीको मिति २०७५.११.२४मा जारी भएको देखिएकोले औषधि खरिद र शिविर सम्पन्न विच सामान्जस्यता देखिएन ।</td><td></td></tr>
<tr><td>५६.५.</td><td>प्रस्ताव लेखन खर्च ः अर्थमन्त्रालय कार्यसंचालन निर्देशिका २०७५ को ७.१.१५को सि.न.१५मा १ दिनको कार्यक्रममा प्रतिवेदन लेखन खर्च वापत रु १००० मात्र पाउने उल्लेख भएको तर प्रस्ताव लेखन खर्चका सम्बन्धमा कुनै उल्लेख भएको पाईएन । शिविर संचालनको प्रतिवेदन लेखन गरे वापत रु ५०००।०० लेखापाल सुनिल कुमार यादवलाई भुक्तानी दिएको पाईयो । तसर्थ प्रस्ताव लेखन खर्च पाउने मापदण्ड तथा आधार पेश हुनुपर्ने रु</td><td>५०००।००</td></tr>
<tr><td>५७.</td><td><u>मेयर कप फुटवल</u>४२२।२०७६.३.३१ आयकर ऐन २०५८को अनुसुचि १ मा भत्ता वापतको रकम वितरण गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी दाखिला गनु पर्ने उल्लेख छ । मेयर गोल्डकप फुटवल प्रतियोगिता मिति २०७६।.३.१५ देखि ३.।१२ सम्म संचालन गर्दा भत्ता वापत भुक्तानी रकम रु ३७२०००।०० मा १५ प्रतिशतका दरले अग्रिम कर रु <u>५२०८०।००</u> कट्टी गरी दाखिला गर्नु पर्नेमा गरेको समेत छैन । भस्ता कार्यक्रममा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५८.</td><td>वस्तु वा सेवाको करारमा मुअकर मुअकर नियमावली २०५३ को नियम (६ग) मा सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तरगत आपुर्तिहुने बस्तु वा सेवा वा बस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाइ भुक्तानी गर्दा निजलाइ भुक्तानी गर्ने कर रकमको पचास प्रतिशत हुन आउने रकम निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरी बाकी रहने कर वापतको रकममात्र भुक्तानीगर्नुपर्ने ब्यबस्था छ ।पालिकाले नियमावली लागू भएको २०७६ जेठ १५ पछिको देहायको ठेक्का सम्झौता वा करारको भुक्तानीमा कर रकमको पचास प्रतिशत हुन आउने रकम सम्वन्धित राजश्व शिर्षकमा जम्मा भएको देखिएन । नियमावलीको सो ब्यबस्था बमोजिम भुक्तानी गर्ने कर रकमको ५० प्रतिशत हुन आउने रु.६७८७६.५सम्बन्धितको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गर्नु पर्ने रु
<table>
<tr><th>गोश्वरा भौचर नंवर</th><th>आपुर्तिकताको नाम</th><th>बिबरण</th><th>भुक्तानी मुअकर रकम</th><th>राजश्व शिर्षकमा जम्मा नभएको रकम</th></tr>
<tr><td>४९५/२०७६.३.२५</td><td>एन.वि.डी. सप्लायर लहान</td><td>ल्यापटप खरिद</td><td>५५२२१</td><td>२७६१०.५०</td></tr>
<tr><td>४९६।२०७६.३.२५</td><td>ॐजनरल सप्लायर</td><td>फर्निचर ,फर्निसिङ</td><td>२४४४०</td><td>१२२२०</td></tr>
<tr><td>४९७/ २०७६.३.२५</td><td>किशोर फर्निचर सेन्टर</td><td>कठघरा निर्माण,फर्निचर खरिद</td><td>५६०९१</td><td>२८०४६</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>६७८७६.५</td></tr>
</table></td><td>६७८७६.५</td></tr>
<tr><td>५९.</td><td>तालिम सञ्चालनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५(१) मा स्थानीय तहले गैर सरकारी संघ, संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संस्थासँग सहकार्य गरी कार्य गर्न सक्ने व्यवस्था छ । यस्तो सहकार्यको संयुक्त अनुगमन गरी प्रगति प्रतिवेदन समेत बनाउने व्यवस्था एनेको २५(२) मा समेत व्यवस्था छ । नगरपालिकाले यस आर्थिक वर्षमा विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा कार्य गरेकोमा देहायका तालिमहरु देहायका संस्थाहरुबाट सम्पन्न गरेको भनी खर्च लेखेकोमा नगरपालिकाले सो तालिमहरुको सञ्चालन, सहभागिता सम्पन्न एवं प्रभावकारीताको बारेमा अनुगमन गर्ने गरेको पाइएन । तत् सम्बन्धमा सुधार गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>गो.भौ.नं</th><th>अनुदान पाउने</th><th>अनुदान प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>३६१/२०७६६.३.५.</td><td>दलित महिला संघ मिचैया</td><td>चुडा, लठ्ठी बनाउने तालिम</td><td>२४९०००</td></tr>
<tr><td>३६९/२०७६६.३.५</td><td>जागृती नेपाल</td><td>मोटर साईकल मर्मत</td><td>२५००००</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ३९९/२०७६.३.१२ | जागृती नेपाल कृष्णपुर | शिलाई कटाई तालिम | २४९००० |
| ३७०/२०७६.३.५ | जनसहभागिता केन्द्र ईनरुवा | सिपमुलक तालिम | २४९००० |
| ३७६१/२०७६.३.५ | दीप फाउण्डेशन | सडक नाटक | २४४००० |
| ३८४/२०७६.३.९ | महिला उद्दार सेवा केन्द्र गोलवजार | किशोरी सचेतना | २४९००० |
| ११०/२०७५.८.४ | महतो एण्ड एशोसिएट | आ.व.२०७३।०७४ र२०७४।०७५ को आय व्यय तयारी | १००००० |
| ३७२/२०७६.३.५ | जानकी टेक्निकल ट्रेनिङ सेन्टर प्रा.लि जनकपुर | विद्युतिय वायरिङ | २४९००० |
| ४६८/२०७ ६.३.१२ | नेपाल क्रियटिभ हाउस अनामनगर | वातावरण,विपद,तथा जलवायु परिवतन,तालिम | ४९८३३० |
| ६७/२०७५.७,८ | सामाजिक तथा वातावरणिय विकासका लागि यवा सञ्जाल | वातावरण संरक्षण,दिगो विकास, फोहर वयवस्थापन,वृक्षारोपण, वाटीका प्रवर्द्धन | ८०००० |
| ४६९/२०७६.३.२५ | भाईब्रेशन मिडिया प्रा .लि अनामनगर | सडक नाटक | ४९८८९५ |
| ४७०/२०७६.३.२५ | लाईफ टाईम कन्सल्टेन्सि प्रा.लि.काठमाण्डौ | आधारभुत विद्यालय प्राथमिक उपचार तालिम | ४९८३३० |
| ५१९/२०७६.३.३१ | राष्ट्रिय जनचेतना तथा विकास समाज ललितपुर | चेलिवेटी शिक्षा,वेचविखन,लैगिक हिंसा | ४८५००० |
| १६६/२०७५.९.२७ | ईनरिच नेपाल | समुदायमा आधारीत फोहर व्यवस्थापन अध्ययन | ४९९९१२ |
| ४२०/२०७६.३.३१ | आयुष्मान कन्सल्टेन्सि प्रा.लि अनामनगर काठमाण्डौं | जनचेतनामुलक अडियो सन्देश | ३९५०००. |
| | **जम्मा** | | **४७९४४६७** |

६०. **पूजिगत प्रकृतीका खर्च** : नगरशभाबाट वार्षिक विनियोजन गरे बमोजिम निकासा लिई चालु प्रकृतिका खर्चहरु चालु शिर्षकबाट सोही प्रयोजनमा तथा पुजिगत प्रकृतीका खर्चहरु पूजिगत शिर्षकबाट सोही प्रयोजनमा खर्च गपर्नुपर्नेमा नपुग छनौटका आधारमा परीक्षण गर्दा निम्नानुसार पूजिगत प्रकृतीका खर्च चालु खर्च शिषकबाट खर्च गर्न पाएकोले सम्बन्धित खर्च शिषक बाट खर्च लेख्नु पर्दछ ।

| गौ.भौ.न.र मिति | पूजिगत प्रकृतीका खर्चहरु | खर्च रकम |
|---|---|---|
| ४९७/२०७६.३.२५ | ईजलास निमार्ण | ४८७५६१ |
| ४९६/२०७६.३.२५ | ईजलास निमार्ण व्यवस्थापन फर्निचर | २१२४४० |
| ४९५/२०७६.३.२५ | ल्यापटप थान ६ खरिद | ४७९९९० |
| २१४/२०७५.११.१ | एक्साईड व्याट्री ट्यूवलर ४थान | १४२४०० |
| २३०/२०७५.११.२० | फ्रिज १थान | ५०००० |
| ४४८/२०७६.३.२४ | एक्साईड व्याट्र २ थान | ७२००० |
| ४६१/२०७६.३.२४ | अफिस टेवुल१थान,सोफासेट १ सेट,टि टेबुल १ | ९९९९३ |
| ४८८/२०७६.३.२५ | सोफासेट१ | ४९४९४ |

६१. **ब.उ.शि.नं. ८०१७६९३ (अन्तर सरकारी वित्तिय हस्तान्तरण) पुँजीगत**

**कार्यक्रम संसोधनः** नगरपालिकाले पुजिगत तर्फका बार्षिक कार्यक्रम सभाबाट स्विकृत गराएकोमा नगर कार्यपालिकाको २०७५।१०।१२ को निर्णय बमोजिम नगरप्रमुखबाट निर्णय गरी नगरस्तर र बडास्तरीय गरी स्विकृत भएको मध्ये ८५ योजना तथा कार्यक्रमलाइ परिबर्तन गरी नया ६३ योजना तथा कार्यक्रममा दायित्व रहेको समेत रु ३४२२८८३५।०० खर्च गरेको छ । सभाबाट स्विकृत बार्षिक कार्यक्रम तथा योजना आर्थिक बर्षको बिचमा संसोधन गरी सभाको स्क्रिति बेगर अर्को योजनामा खर्च गर्नु उपयुक्त होइन । आर्थिक बर्षको बिचमा योजना तथा कार्यक्रमलाइ परिबर्तन गरी खर्च गर्ने कार्यमा नियन्त्रण गरीनुपर्छ ।

६२. **बस्तु वा सेवाको करारमा मुअकर** मुअकर नियमावली २०५३ को नियम (६ग)मासरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थाले ठेक्का सम्झौता वा करार अन्तरगत आपुर्तिहुने बस्तु वा सेवा वा बस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाइ भुक्तानी गर्दा निजलाइ भुक्तानी गर्ने कर रकमको पचास प्रतिशत हुन आउने रकम निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरी बाकी रहने कर वापतको रकममात्र भुक्तानी गर्नुपर्ने ब्यबस्था छ ।नगरपालिकाले नियमावली लागू भएको २०७६ जेठ १५ पछिको देहायको ठेक्का सम्झौता वा करारको भुक्तानीमा कर रकमको पचास

प्रतिशत हुन आउने रकम सम्वन्धित राजश्व शिर्षकमा जम्मा भएको देखिएन नियमावलीको सो ब्यबस्था बमोजिम भुक्तानी गर्ने कर रकमको पचास प्रतिशत हुन आउने रकम सम्बन्धितको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा नभएको रु ४२०४९१

| ब.उ.शि. नंवर | गोश्वरा भौचर नंवर | आपुर्तिकताको नाम | बिबरण | भुक्तानी मुअकर | राजश्व शिर्षकमा जम्मा नभएको |
|---|---|---|---|---|---|
| बित्तिय समानिकरण | १०३।२०७६।२।२१ | एसियन निर्माण सेवा | सलहेश मन्दिरको कम्पाउण्ड वाल निमाण | ५५४८७.०० | २७७४३ |
| बित्तिय समानिकरण | १२९।२०७६।३।२ | इन्टरफेस कम्प्युटर सिस्टम | | ५६२२५.०० | २८११२.०० |
| बित्तिय समानिकरण | १४१।२०७६।३।४ | बल्की कन्टूक्सन | भवन मर्मत | ५५७५६.०० | २७८७८.०० |
| बित्तिय समानिकरण | १४०।२०७६।३।४ | प्राप्ति निर्माण सेवा | सडक मर्मत | ५५१५७.०० | २८११२.०० |
| बित्तिय समानिकरण | २६३।२०७६।३।२४ | डि.के सप्लायर्स | लामखुट्टे मेशिन खरिद | ३९०००.०० | १९५००.०० |
| बित्तिय समानिकरण | २६७।२०७६।३।२४ | इनोभेटिभ मिडिया प्रा लि | बृत्तचित्र | ५७११७.०० | २८५८८.०० |
| बित्तिय समानिकरण | ३६९।२०७६।३।३१ | बजार बिकास केन्द्र | सहकारी संस्थाको दर्ता नबिकरण | ५६८४२.०० | २८४२१.०० |
| बित्तिय समानिकरण | ३७०।२०७६।३।३१ | पनोरमा रिसर्च सेन्टर | भू उपयोग योजना तैयारी | ५६९४०.०० | २८४७०.०० |
| बित्तिय समानिकरण | ३७१।२०७६।३।३१ | इन्टेन्सिभ एण्ड रिसर्च प्रा.ली | संगठन बिकास अध्ययन | ५६९९२.०० | २८४९८.०० |
| | ३८०।२०७६।३।३१ | मण्डला इन्जियरिङ कन्सल्टेन्सी | डिटेल डिजाइन एण्ड इन्जियरीङ सिराहा बजारको ड्रेन नेटवर्क | १७७४५०.०० | ८८७२५.०० |
| बित्तिय समानिकरण | ३८६।२०७६।३।२५ | सिम्रौन कन्ट्रक्सन | सडक निर्माण | ७६५७६.०० | ३८२८८.०० |
| बित्तिय समानिकरण | ३८७।२०७६।३।२५ | रौनक निर्माण सेबा | सडक निर्माण | ९६३१२.०० | ४८१५६.०० |
| | | | | जम्मा | ४२०४९१ |

६३. **कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११)मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरीसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाच गराइ त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट ब्यहोरिने श्रम,नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सो निकायमा पेश गर्नुपर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको बिबरण र उक्त निर्माण कार्यको सर्भे,डिजाइन,लागत अनुमान, सुपरीवेक्षण र कार्यसम्पादन गर्ने ब्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी अभिलेख गर्नुपर्ने ब्यबस्था छ । नगरपालिकाबाट यस बर्ष उपभोक्ता समितिले गरेका देहाय कार्यको उक्त नियमको ब्यवस्था बमोजिम काय कार्यसम्पन्न प्रतिवेदन तयार गरी अभिलेख गरेको नदेखिको रु १७०७७७३

| बजेट उपशिर्षक | गोश्वरा भौचर | उपभोक्ता समितिको नाम | कार्य | इष्टिमेट/मुल्याङ्कन रकम | खर्चरकम |
|---|---|---|---|---|---|
| बित्तिय समानिकरण | २३४।०७६।३।२४ | कट्टीसमुदाय बिपद ब्यबस्थापन | सामुदायिक भवन | | १३७७५७.०० |
| बित्तिय समानिकरण | ३७८।२०७६।३।३१ | दुर्गा मन्दिर निमांण | मन्दिर निर्माण | २२६९१२०।०० | १५७००१६.०० |
| | | | जम्मा | | १७०७७७३ |

६४. **तालिम सञ्चालनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५(१) मा स्थानीय तहले गैर सरकारी संघ, संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संस्थासँग सहकार्य गरी कार्य गर्न सक्ने व्यवस्था छ । यस्तो सहकार्यको संयुक्त अनुगमन गरी प्रगति प्रतिवेदन समेत बनाउने

व्यवस्था ऐनको २५(२) मा समेत व्यवस्था छ । नगरपालिकाले यस आर्थिक वर्षमा विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा कार्य गरेकोमा देहायका तालिमहरु देहायका संस्थाहरुबाट सम्पन्न गरेको भनी खर्च लेखेकोमा नगरपालिकाले सो तालिमहरुको सञ्चालन, सहभागिता सम्पन्न एवं प्रभावकारीताको बारेमा अनुगमन गर्ने गरेको पाइएन । तत् सम्बन्धमा सुधार गर्नुपर्ने देखिन्छ ।

| ब.उ.शि.न. | गो.भौ नं मिति | आपूर्तक | बापत | खर्च रकम |
|---|---|---|---|---|
| बित्तिय समानिकरण | २४३।२०७६।३।२४ | जनता सामुदायिक बिकास केन्द | मैनबत्ति, अगरबत्ति र सर्फ बनाउने तालिम | ४९२०००.०० |
| बित्तिय समानिकरण | २५०।२०७६।३।२४ | सामुदायिक महिला सिप तथा दलित ट्रस्ट | मैनबत्ति, बनाउने तालिम | २०००००.०० |
| बित्तिय समानिकरण | २४९।२०७६।३।२८ | सामुदायिक महिला सिप तथा दलित ट्रस्ट | आदिबासी जनजाति तालीम | १०००००.०० |
| बित्तिय समानिकरण | २४४।२०७६।३।२४ | नेपाल राजदेबि बहुउद्देश्यीय | आखा शिबिर सञ्चालन | १०००००.०० |
| बित्तिय समानिकरण | ३१८।२०७६।३।२५ | अभिलाषा नेपाल | सिलाइ कडाइ तालिम | २०००००.०० |
| बित्तिय समानिकरण | ३२८।२०७६।३।२५ | जागृती नेपाल कृण्णपुर | मैनबत्ति तथा सर्फ बनाउने तालिम | ५०००००.०० |
| बित्तिय समानिकरण | ३३७।२०७६।३।२५ | दुर्गा भबानी सामुदायिक बिकास केन्द्र | अगरबत्ती ,मैनबत्ति तालिम | १०००००.०० |
| बित्तिय समानिकरण | ३४२।२०७६।३।२५ | दुर्गा भबानी सामुदायिक बिकास केन्द्र | २ दिने योजना तर्जुमा गोष्ठी | १०००००.०० |
| बित्तिय समानिकरण | ३५३।२०७६।३।२५ | दुर्गा भबानी सामुदायिक बिकास केन्द्र | लैगिक बिभेदमा आधारीत जनचेतना तालिम | १०००००.०० |
| | | | **जम्मा** | **१८९२०००** |

६५. **वितरणमुखी खर्चः** पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा नगरपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ यस्ता संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियम संगत नदेखिएको सहायता रकम रु............ ४९८३००

| ब.उ.शि.नं | गो.भौ.नं, मिति | नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| बित्तिय समानिकरण | २११।२०७६।३।२३ | वडा नं १ | सामुदायिक बिद्यलयका बिद्यार्थीलाइ हाजिरी जवाफ | ३९९८००.०० |
| बित्तिय समानिकरण | २२४।२०७६।३।२३ | सगोर नेपाल | जेष्ठ नागरीक सम्मान | ९८५००.०० |
| | | | **जम्मा** | **४९८३००.००** |

६६. **समानिकरण अनुदानका प्राथमिकता क्षेत्रः** राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले स्थानिय तहको आ.व. २०७५।७६ को लागी समानिकरण अनुदान सम्बन्धि सिफरिशको बुदा ५.२ मा समानिकरण बापत स्थानिय तहलाइ प्राप्त भएको रकम अध्यायन भ्रमण, बैदेशिक भ्रमण र अन्य प्रशासनिक वा सञ्चालन खर्चका लागी बिनियोजन नगरी विकास निर्माणमा खर्च गर्ने गरी प्राथमिकता निर्धारण गनूपर्ने ब्यबस्था छ ।नगरपालिकाले स्थानिय तहलाइ प्राप्त भएको उक्त रकम अध्यायन भ्रमण, बैदेशिक भ्रमण र अन्य प्रशासनिक वा सञ्चालन खर्चका लागी बिनियोजन नगरी विकास निर्माणमा मात्र खर्च गर्ने गरी बिनियोजन गरेको देखिएन । निर्धारित क्षेत्र नाघि देहाय बमोजिम बिनियोजन गरी खर्च गरेकोले अनियमित रु १२८७४९९

| ब.उ.शि.न. | गो भौ नं./ मिति | विवरण | खर्च रकम |
|---|---|---|---|
| बित्तिय समानिकरण | १७८।२०७६।३।१७ | वडा न. १का पदाधिकारी र कर्मचारी सहभागी ७ को२ दिने पोखरा र चितवन भ्रमण | १०००००.०० |
| बित्तिय समानिकरण | १७९।२०७६।३।१७ | वडा नं १ कृषक समेत ८ जना को २ दिने पोखरा चितवन कृषिअबलोकन भ्रमण | १०००००.०० |
| बित्तिय समानिकरण | २८०।२०७६।३।२५ | वडा २० को युबासम्बाद अन्तरकृया कार्यक्रम का.स.अशोक कुमार यादब | १०००००.०० |

| | | | |
|---|---|---|---|
| बित्तिय समानिकरण | ३६३।२०७६।३।३० | जगदम्बा मोटर्स प्रा.लीबाट ५ थान स्कुटी खरिद महिला कार्यपालिका सदस्यको लागी | ९८७४९९.०० |
| | | जम्मा | १२८७४९९ |

६७. **नन्फाईलर :-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वासेवाको आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । तोकिएको अबधिमा आपूर्तिकर्ताले मूल्य अभिवृद्धि कर दाखिला गरी करदाता ACTIVE रहनुपर्नेमा IRD Portal मा गइ PAN Search गर्दा करदाता देहाय बमोजिम अबधि देखि ननफाइलर देखिएको छ । नन्फाइलर करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिदा राजश्व खातामा दाखिला नहुने हुदा यस बर्ष नगरपालिकाले निम्न उपभोक्ता समितिबाट सार्वजनिक निर्माण कार्य गराउदा मुल्यांकन भएको काम र उपभोक्ता समितिले तिरेको मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरेको तर करदाता ननफाइलर देखिएकोले आपूतिकर्ताको मू. अ. कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा ननफाईलरलाइ तिरेको मूल्य अभिवृद्धि कर असूल गर्नुपर्ने रु. १९३४७००.६२

| ब.उ.शि.नं. | गोश्वरा भौचर नंवर | उपभोक्ता समितिको नाम | कार्य | आपुर्तिकर्ता पान नंवर | विजक नंवर मिति | मुअकर रकम | ननफाइलर अवधि |
|---|---|---|---|---|---|---|---|
| बित्तिय समानिकरण | १२५।०७६२।३१ | नया कृषि सडक उ स | सडक निमाण | गौरैया निर्माण ६०४३३५७०१ | ५।२०७६।२।१५ | २७४४९.०० | २०७३ श्रावण देखि |
| बित्तिय समानिकरण | २७८।७६।३।२५ | हालिमको घरदेखिमुसाको घरसम्मा ढलान उ.स. | आर.सिसि ढलान | राम जानकी जेनरल सप्लायर्स ३०५१११८०७ | १७।२०७६।२।१८ | ७६९६०.०० | २०५७ फल्गारण देखि |
| बित्तिय समानिकरण | २७८।७६।३।२५ | " | " | " | १८।२०७६।२।१९ | ११५७०.०० | " |
| बित्तिय समानिकरण | २९७।७६।३।२५ | वडा ८को सानातिना र मुल सडक मर्मत उ.स. | सडक निर्माण | राम जानकी जेनरल सप्लायर्स ३०५१११८०७ | २२।२०७६।३।२० | ५२०७७.४८ | " |
| बित्तिय समानिकरण | २९७।७६।३।२५ | " | " | " | २३।०७६।३।२० | ३९०००.०० | " |
| बित्तिय समानिकरण | ३०१।७६।३।२५ | सेन्चुरी बैक देखि मेन रोड सम्म ढलान उ.स. | सडक निर्माण | " | १९।७६।३।१९ | ६११००.०० | " |
| बित्तिय समानिकरण | ३०१।७६।३।२५ | " | " | " | २०।७६।३।२० | ५७३६६.०० | " |
| बित्तिय समानिकरण | २९४।७६।३।२५ | छब्दी बाधदेखि महराको घरसम्म स.म.उ.स | सडक निर्माण | आर्यन कन्ढक्सन | ।२०७५।९।२२ | ४७०४७.०० | २०७४ पौष देखि |
| बित्तिय समानिकरण | ३०३।७६।३।२५ | डिप टयुबेल खरिद तथा जडान उ.स. | खानेपानी | साह हार्डवेयर ३०३९२१९८५ | १८०।०७६।३।१७ | ५३३६८.०० | २०७५ श्रावण देखि |
| बित्तिय समानिकरण | ३०७।७६।३।२५ | बोरिङ जडान उ.स. | सिचाइ | साह हार्डवेयर ३०३९२१९८५ | १८६।०७६।३।२२ | १५३५०.०० | २०७५ श्रावण देखि |
| बित्तिय समानिकरण | ३३५-७६।३।२५ | टयुवेल खरिद तथा जडान | खानेपानी | साह हार्डवेयर | १८१।०७६।३।१९ | १६७३०.०० | २०७५ श्रावण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ३०३९२१९८ ५ | | | देखि |
| | ३५९-२०७६/३/२९ | | कम्प्युटर खरिद | जयमाता दी सप्लाएर | ३।२०७६।३।१ ५ | २२९६५.०० | २०७६ आषढ देखि |
| | ३६८-२०७६/३/३१ | | सफ्टवेयर खरिद | साग्रिला इन्फोरमेटीक्स प्रा ली | १४७२०७६। ३।३० | २२७६५६.०० | २०७६ जेष्ठ देखि |
| तराई मधेश | २०/३/१० | | भवन निर्माण | अंकित कन्स्ट्रक्सन | १/३/१० | १२३१३४.६ | २०७५ टि ३ |
| | १७/३/१० | | छात्रावास निर्माण | संदिप निर्माण सेवा | २/३/१० | २९३७०५.६३ | २०७६ एम ३ |
| | २९/३/२४ | | छात्रावास निर्माण | संदिप निर्माण सेवा | ६/३/२४ | ५५३९५.०९ | २०७६ एम ३ |
| | ३२/३/२४ | | छात्रावास निर्माण | संदिप निर्माण सेवा | ४/३/२४ | २०८४६२.६६ | २०७६ एम ३ |
| | २३/३/१३ | | प्रसुति भवन निर्माण | संदिप निर्माण सेवा | १/३/१० | ९९६०६.०१ | २०७६ एम ३ |
| | ३८/३/२४ | | प्रसुति भवन निर्माण | संदिप निर्माण सेवा | ५/३/२४ | ११९८३२.१५ | २०७६ एम ३ |
| स्थानिय पूर्वाधार | २/३/३१ | | पाइप आपूर्ति | साई हार्डवेयर सेन्टर | २०५/३/२३ | २४६२४४ | |
| | २/३/३१ | | पाइप आपूर्ति | साई हार्डवेयर सेन्टर | १९७/३/२२ | २०११० | |
| | ५/३/३१ | | पाइप आपूर्ति | साई हार्डवेयर सेन्टर | २०१/३/२२ | १९३३३ | |
| | ८/३/३१ | | पाइप आपूर्ति | साई हार्डवेयर सेन्टर | २००३/२२ | २०७६१ | |
| | ११/३/११ | | पाइप आपूर्ति | साई हार्डवेयर सेन्टर | १९९/३/२२ | १९४७८ | |
| वित्तीय समानिकरण चालु | ४१९।२०७६.३ .१७ | | नागरिक वडापत्र | ईन्टरनेशनल स्पिडप कोडर्स प्रा.लि | ३।२०७६.३. ८ | २०८०० | २०७६ असार |
| अन्य शशर्त | ५।२०७६.३.३ ० | | वोरिङ जडान | संदिप निमार्ण सेवा | ७।२०७६.३.३ ० | ८९८६२।५० | २०७६ असार |
| | | | | | जम्मा | १९३४७००.६२ | |

६८. **उपभोक्ताको लागत अनुमानमा मुअकर:** सार्वजनिक खरिद नियमावली, २०६४को नियम १०(७)मा निर्माण कार्यको लागत अनुमान अनुसुचि १ को ढाचामा तयार गनुपर्ने ब्यबस्था छ । अनुसुचि १ को ढाचामा आइटमको जम्मा दररेट र आइटमका जम्मा परीमाण को गणना इकाइमा मुअकर समाबेश नहुने ब्यबस्था छ । ठेक्काबाट कार्य गर्ने भए आइटमको जम्मा दररेटमा ओभरहेड जोडिने तर उपभोक्ताको हकमा ओभरहेड पनि नजोडिने ब्यबस्था भएको देखिन्छ । नगरपालिकाले उपभोक्ताबाट कार्य गराउने कार्यको लागत अनुमानको आइटमको जम्मा दररेटमा मुअकर रकम समाबेश गरी लागत अनुमान तयार गरी सोहि आधारमा भुक्तानी गरेको छ ।मुअकर बिजक बेगर आइटमको जम्मा दररेटमा मुअकर रकम लागत अनुमानमा समाबेस सोहिदरमा मुल्याङकन गरी भुक्तानी दिन मिल्ने देखिदैन ।

| कार्यको बिबरण | सामानको नाम | दर बिश्लेणमा दर | जिल्ला दररेटमा दर | फरक | दर बिश्लेणमा दर इकाई दर | मुल्याङकनमा भुक्तानी दर |
|---|---|---|---|---|---|---|
| १:२:४ पि.सि.सि. बर्क (७.४ बि) | सिमेन्ट ओ. पि.सी | १०२८।७५ | ८७५।०० | १५३।७५ | ११७३७५० | ११७३७०० |

६९. **पूँजीगतबाट चालु खर्चः** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ। नगरपालीका कार्यालयले यो वर्ष सभाबाट पारित गरि चालु खर्च पुजिगत वजेटमा समावेश गरि वजेट खर्च लेखेको नियम सम्मत देखिएन। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च लेख्नु पर्दछ।

| बजेट उपशिर्षक नंवर | गोश्वरा भौचर नंवर | विवरण | खर्च रकम |
|---|---|---|---|
| बित्तिय समानिकरण | ४१।२०७५।१०।६ | बा १७ च ९२९६ गाडीधनी ज्ञान कुमार यादबलाइ भुक्तानी | १०८९००.०० |
| बित्तिय समानिकरण | ४२।२०७५।१०।७ | बा १७ च ९२९६ गाडीधनी ज्ञान कुमार यादबलाइ भुक्तानी | १०८९००.०० |
| बित्तिय समानिकरण | १०८।२०७६।२।२३ | १५च ८८२ जिग भाडा प्रमोद साह | ३१५०००.०० |
| बित्तिय समानिकरण | ३५७।२०७६।३।२५ | बा१० च७४८१ जीप भाडा जगत कापर | १९८०००.०० |
| | | | ७३०८०० |

७०. **गत वर्षको दायित्व भुक्तानी** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (७) र (८) अनुसार स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा बिल भरपाई बमोजिमको रकम अगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा (म.ले.प.फा.नं.१८) भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई कार्यालय प्रमुख र आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराउनुपर्ने व्यवस्था छ। नगरपालिकाले गत बर्ष कार्यगरेको तर भुक्तानी नभएको सल्हेश मन्दिरको माटो पुर्ने कार्य बापत २०७५।३।२२ मुल्याङकन गरीएको रु १३७१५९६।०० यस बर्ष गो. भौ न ३३५।२०७६।३।२५ बाट भुक्तानी भएकोमा भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित भएको नदेखिएको रु — १३७१५९६।०

७१. **नि.शुल्क स्वास्थ्य शिविरः** १४३।२०७६।३।५ सिरहा नगरपालिका वडा न.१ मामिति २०७५।१०।२मा नि.शुल्क स्वास्थ्य शिविर संचालनबाट स्वास्थ्य परिक्षण गरि खर्चको विल भर्पाई फांटवारी सहित गजेन्द्र यादबको रु ३०००००।००खर्च लेखि पेश्कि फछ्यौट गरेको भौचरमा देखिएका व्यहोराहरु निम्नानुशार छन।

७१.१. औषधि वितरणको अभिलेख आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा रित प्रकृया पुरा गरि यथेष्ट प्रमाण विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ। गजेन्द्र यादबको पेश्कि फछ्र्यौट फांटवारिमा पालिकाले नि शुल्क स्वास्थ्य शिविर गर्न शिव सम्भु मेडिकल सिरहा बाट रु ९२५००।०० मूल्य बराबरका ९ प्रकारका औषधि खरिद गरेकोमा औषधि दाखिला र औषधि वितरणको अभिलेख पेश नगरेको हुँदा पेश हुनु पर्ने रु — ९२५००।००

७१.२. यातायात खर्च : नगरलालिका भित्रैको वडामा संचालन भएको यस शिविरमा कार्यालयबाट सरकारी सवारी साधन सुविधा उपलब्ध भएका नगरपालिका भित्र अवस्थित कार्यालयहरुमा कार्यरत समेत ६जना सहभागि चिकित्सकले जनहि रु ४५०० का दरले २ दिनको यातायात खर्च सुविधा रु ५४०००।०० लिएको पाईएकोले यातायात सुविधाको आधार ,दर तथा मापदण्ड पेश हुनु पर्ने रु................ — ५४०००।००

७१.३. शिविर अनुगमन सिरहा नगरपालिका वडा न ५मा मिति २०७५।१०।२ गते नि.शुल्क स्वास्थ्य शिविरको अनुगमन पदाधिकारी तथा कर्मचारी २जनाले गरेको भनि रु२०००।००कादरले अनुगमन भत्ता रु ४०००।०० खर्च लेखेकोमा कार्यक्रम सञ्चालन अवस्थाबारे अनुगमन प्रतिबेदन पेश नभएको र अनुगमन भत्ता पाउने आधार नभएको रु — ४०००।००

७१.४. स्वास्थ्य शिविर संचालन गर्दा मेडिशिन। सर्जन डाक्टरको भत्ता देहाय भत्ता वितरण गरेकोकमाआयकर ऐन २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशतले दरले भत्तामा कर कट्टि नभएकोले असुल गर्नुपर्ने रु — ४१२५।००

| नाम | भत्ता रकम | कर |
|---|---|---|
| मनिष मंडल | ५०००।०० | ७५०.०० |
| सि.एन.झा | ५०००।०० | ७५०.०० |
| अखिलेश चौधरी | ५०००।०० | ७५०.०० |
| राकेश यादब | ५०००।०० | ७५०.०० |
| दिपक यादब | ५०००।०० | ७५०.०० |
| सुदिप यादब | २५००।०० | ३७५.०० |
| जम्मा | | ४१२५ |

७१.५. खाजा तथा खाना खर्च : शिविर संचालन गर्न २५ जना कर्मजारी उपस्थिति भइ भत्ता समेत लिएकोमा खाना

| | | |
|---|---|---|
| | खर्च १५० जनाको रु ५२५००।०० र खाजा खर्च बापत १०० जनाको रु १५०००।०० गरी रु ६७५००।०० खर्च लेखेकोमा सामान्य थपघट गदा ३० जना भन्दाबढिको खाजा खाना खर्च लेख्ने आधार पेश हुनु पर्ने रु..... | ५२५००।०० |
| ७२. | **नि.शुल्क स्वास्थ्य शिविर:** ७४।२०७६।२।१०सिरहा नगरपालिका वडा न.५ को बडेरवामा मिति २०७५।११।५मा नि.शुल्क स्वास्थ्य शिविर संचालनबाट स्वास्थ्य परिक्षण गरि खर्चको विल भर्पाई फांटवारी सहित एकवाल मण्डलको रु १९८०००।०० खर्च लेखि पेश्कि फछ्यौट गरेको भौचरमा देखिएका व्यहोराहरु निम्नानुशार छन । | |
| ७२.१. | औषधि वितरणको अभिलेख आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा रित प्रकृया पुरा गरि यथेष्ट प्रमाण विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । एकवाल मण्डलको पेश्कि फछ्र्यौट फांटवारिमा पालिकाले नि शुल्क स्वास्थ्य शिविर गर्न दिपेश फर्मोसी सिरहा ७ बाट रु ७१०००।०० मूल्य बराबरका ३५ प्रकारका औषधि खरिद गरेकोमा औषधि दाखिला र औषधि वितरणको अभिलेख पेश नगरेको हुँदा पेश हुनु पर्ने रु | ७१०००।०० |
| ७२.२. | यातायात खर्च . नगरलालिका भित्रैको वडामा संचालन भएको यस शिविरमा कार्यालयबाट सरकारी सवारी साधन सुविधा उपलब्ध भएका नगरपालिका भित्र अवस्थित कार्यालयहरुमा कार्यरत ३ समेत ४ जना सहभागि चिकित्सकले जनहि रु ५००० का दरले यातायात खर्च सुविधा रु २००००।०० र कर्मचारी तर्फ भत्ताका अतिरिक्त यातायात खर्च ८ जनाको रु १०००।०० ले रु ८०००।००लिएको पाईएकोले यातायात सुविधाको आधार ,दर तथा मापदण्ड पेश हुनु पर्ने रु................ | २८०००।०० |
| ७२.३. | शिविर अनुगमन सिरहा नगरपालिका वडा न ५मा मिति २०७५।११।५ गते नि.शुल्क स्वास्थ्य शिविरको अनुगमन पदाधिकारी तथा कर्मचारी४जनाले गरेको भनि रु२०००।००कादरले अनुगमन भत्ता रु ८०००।०० खर्च लेखेकोमा कार्यकम सञ्चालन अवस्थाबारे अनुगमन प्रतिबेदन पेश नभएको र अनुगमन भत्ता पाउने आधार नभएको रु | ८०००।०० |
| ७२.४. | प्रस्ताव लेखन शिविर संचालनको प्रस्ताव लेखन बापत रु ५०००।०० भुक्तानी दिएकोमा सो पाउने, आधार ,दर तथा मापदण्ड पेश हुनु पर्ने रु................ | ५०००।०० |
| ७३. | **ब.उ.शि.नं. तराई मधेश समृद्धि कार्यक्रम**<br>यस कार्यक्रमकोलागि निम्नानुसार ४ योजना संचालनकालागि रु २ करोड १३ लाख वजेट प्राप्त भएकोमा रु १ करोड १५ लाख ६७ हजार खर्च गरेको छ । सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ । | |

| कार्यक्रमको नाम | वजेट रु हजारमा |
|---|---|
| छात्रावास निर्माण च.मा.वि १ | ७००० |
| दलित सामुहिक आवास भवन निर्माण | २५०० |
| प्रसुति भवन निर्माण | ५००० |
| सामुहिक भवन निर्माण | ६८ |

| | | |
|---|---|---|
| ७३.१. | **छात्रावास निर्माण** च.मा.वि १ को लागी रु ७० लाख वजेट प्राप्त भएकोमा रु ७०१३७९३।१० को लागत अनुमान तयार गरी वोलपत्रकोलागि सुचना प्रकाशन भएकोमा १२ वटा आपुर्तकले वोलपत्र पेश गरेको मध्ये सवैभन्दा कम ३९.०२ प्रतिशत घटीमा पेश गर्ने संदिप निर्माण सेवा संग २०७६ ।३।१५ मा कार्य सक्ने गरी २०७६।१।२३मा सम्भौता गरेको छ । रु ४२७७०४४।४६ मा सम्भौता गरेको आपुर्तकलाई २ वटा रनिङ्ग विलवाट रु ४२७८०७८।१६ भुक्तानी गरेकोले वढी भुक्तानी भएको रु | १०३३.४६ |
| ७३.२. | सम्भौता वाहेक सोही आपुर्तकलाई १४१ घन मिटर अर्थ फिलिङ्ग गरेको भनी थपकार्यको रु ४८१५११।१६ भुक्तानी गरेको छ । शुरुभै वि ओ क्यूमा समावेश नगरी सोही आपुर्तकलाई सोही कार्य अन्तरगत थप कार्यकोलागि भि.ओ समेत नगरी कार्य गराएकोले अनियमित भएको रु | ४८१५११.१६ |
| ७३.३. | **दलित सामुहिक आवास भवन निर्माण** दलित सामुहिक आवास भवन निर्माणको लागी रु २५ लाख वजेट प्राप्त भएकोमा रु २६५०६३१।०४ को लागत अनुमान तयार गरी वोलपत्रकोलागि सुचना प्रकाशन भएकोमा ८ वटा आपुर्तकले वोलपत्र पेश गरेको मध्ये सवैभन्दा कम ४२.९७ प्रतिशत घटीमा पेश गर्ने कृष्ण निर्माण सेवा संग २०७६।१।२२ मा सम्भौता गरेको छ । रु १५११६१८।५६मा सम्भौता गरेको आपुर्तकलाई यस वर्ष २ वटा रनिङ्ग विलवाट रु ८७८३७२।०५ भुक्तानी गरेको छ । लागत अनुमानको आधारमा ३३ प्रतिशत र सम्भौताको आधारमा ५८ प्रतिशतमात्र कार्य भएको र यस वर्ष हालसम्म कार्य नभएकोले योजना अधुरो रहेको छ । अत अधोरो अवस्थामा रहनेगरी कार्य संचालन गर्नु नियमित भएन । अत : अधुरो कार्य सम्पन्न | |

गर्न पहल गर्नुपर्दछ ।

७३.४. **प्रसुति भवन निर्माण** यस कार्यक्रमको लागी रु ५० लाख वजेट प्राप्त भएकोमा रु ५५०००००।०० को लागत अनुमान तयार गरी वोलपत्रकोलागि सुचना प्रकाशन भएकोमा १२ वटा आपुर्तकले वोलपत्र पेश गरेको मध्ये सवैभन्दा कम ३९.०३ प्रतिशत घटीमा पेश गर्ने संदिप निर्माण सेवा संग असार १५ मा कार्य सम्पन्न गर्ने गरी २०७६।१।२२ मा सम्झौता गरेको छ । रु ३२६६८१९.४८ मा सम्झौता गरेको आपुर्तकलाई यस वर्ष २ वटा रनिङ्ग विलवाट रु १९०७४२४.८१ भुक्तानी गरेको छ । वित्तिय प्रगतितर्फ लागत अनुमानको आधारमा ३४ प्रतिशत र सम्झौताको आधारमा ५८.३८ प्रतिशतमात्र कार्य भएको र यस वर्ष हालसम्म कार्य नभएकोले योजना अधुरो रहेको छ । भौतिक प्रगति प्रतिव्दन पेश गरेको छैन । अत अधुरो अवस्थामा रहनेगरी कार्य संचालन गर्नु उचित भएन । योजना सम्झौता गर्दा विमाको प्रावधान राखेतापनि विमा गरेको छैन ।

७३.५. **सामुदायिक भवन निर्माण** यस कार्यक्रमको लागी रु ६८ लाख वजेट प्राप्त भएकोमा रु ७०८३१५१.८२ को लागत अनुमान तयार गरी वोलपत्रकोलागि सुचना प्रकाशन भएकोमा ७ वटा आपुर्तकले वोलपत्र पेश गरेको मध्ये सवैभन्दा कम ३६.२२ प्रतिशत घटीमा पेश गर्ने अंकीत कन्स्ट्रक्सन संग असार १५ मा कार्य सम्पन्न गर्ने गरी २०७६।१।२२ मा सम्झौता गरेको छ । रु ४५१७८८९.८५ मा सम्झौता गरेको आपुर्तकलाई यस वर्ष प्रथम रनिङ्ग विलवाट रु १०७०३२३.८५ भुक्तानी गरेको छ । वित्तिय प्रगतितर्फ लागत अनुमानको आधारमा १५ प्रतिशत र सम्झौताको आधारमा २३ प्रतिशतमात्र कार्य भएको र यस वर्ष हालसम्म कार्य नभएकोले योजना अधुरो रहेको छ । भौतिक प्रगति प्रतिव्दन पेश गरेको छैन । अत अधुरो अवस्थामा रहनेगरी कार्य संचालन गर्न सम्झौता गर्नु उचित भएन । योजना सम्झौता गर्दा विमाको प्रावधान राखेतापनि विमा गरेको छैन । २०७६।३।३० सम्मको वैक ग्यारेन्टी राखि पेश्की समेत उपलव्ध गराएकोमा ग्यारेन्टीको म्याद सकिदासमेत पेश्की फछ्र्यौट गरेको छैन । अत आवश्यक कारवाही गरी पेश्की फछ्र्यौट हुनु पर्ने रु — ५९९६२६.००

७४. **विल नभएको** ४१।२०७६।३।३१ सामुदायिक भवनको कम्पाउण्ड वाल निर्माण तथा माटो पुर्ने कार्यको लागि उ.स अध्यक्ष कपिल देव शाक्यसंग असार २० सम्ममा कार्य सक्ने गरी असार ६ मा कार्यादेश दिएको छ । रु २७३७१३४।५५ लागत अनुमान रहेको कार्य गर्न कार्यालयले रु २४८८३०४।१३ व्यहोरने गरे सम्झौता भएकोमा प्रथम रनिङ्ग विलवाट रु ७९०८९९।०० मात्र भुक्तानी गरी कार्य अधुरो रहेको छ । सो रकम भुक्तानीको लागि पेश भएको श्रेस्तामा सुचना वोर्ड वापत को रु २९६४।५० को विल तथा अर्थ फिलिङ्ग एस्क्याभेटरवाट गरेको १३७६।९८ घनमिटर को दर रु १८४।०० ले रु २५३३६४।३२ को समेत विल संलग्न रहेको छैन । अर्थ फिलिङ्ग बाई टेक्टर १२१२.४१ घन मीटरको लागि २१७५ ट्रिप सानो टेक्टरवाट ढुवानी गरेको भनी प्रति ट्रिप रु ४००।०० का दरले जागेश्वर यादवलाई बुझाएको भरपाई पेश गरेको आधारमा मात्र भुक्तानी गरेकोले कार्य वास्तविक रुपमा भएको हो भन्न सकिनी अवस्था रहेन । अत विल विगर भुक्तानी भएको साईनवोडको रु २९६४।५ असुल हुनुपर्ने रु — २९६४.५

७५. **कन्टिन्जेन्सी खाता**

**गाडी भाडा भुक्तानीः** गो.भौ.नं. २३।२०७६।२।७ उच्च अदालत राजविराज सप्तरीमा गएको भाडा बापत रु. ३०००। ढुवानी कर कट्टा गरी मोहन प्रसाद गुप्तलाई रु. २९०००। भुक्तानी दिईएको छ । के कति पटक वा केकति अवधिको लागि उक्त रकम भुक्तानी गरीएको हो ? भाडाका शर्तहरु के के हुने भन्ने भाडाको सम्झौता समेत नगरी गरीएको उक्त भुक्तानी अनियमित देखिएको रु — २९०००

७६. **ब.उ.शि.नं. ३६५१६०३ स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम चालु**

यस कार्यक्रमको लागि जिल्ला समन्वय समित सिरहाको मिति २०७६।१।२७ को योजना वाडफाड निर्णय अनुसार छनौट भएका १५ वटा वडामा ९२८०००.०० का दरले वडा नं. १९ मा ५१२०००.०० र वडा नं. २,७,९,१३,१६,१८ गरी ६ वटा वडामा कुल रु. ५५६८०००.०० समेत २ करोडको बजेटबाट डिप वोरिङ्गको कार्य तथा मोटर पंप जडान गर्न उपभोक्ता समिति गठन भई उपभोक्ता मार्फत कार्य गराएकोमा उपभोक्ताले विभिन्न आपुर्तकसंग सामान खरिद गरेको तथा सिधै कार्य गराएको विल विजक पेश गरी उ.स. मार्फत आपुर्तकलाई रकम भुक्तानी गरेको छ । आपूर्तकले कार्य सम्पन्न तथा भुक्तानी रकम भन्दा वढीको विजक जारी गरेको समेत देखियो । भुक्तानी तथा विजक रकमको विवरण निम्नानुसार छ ।

| गो भा नं र मिति | उ.स.को नाम | भुक्तानी रकम | आपुर्तकाको नाम | आपुर्तकको विजक रकम | कैफियत |
|---|---|---|---|---|---|
| २/०७६/३/३१ | वोरिङ्ग जडान कार्य उ.स.२ | २८५२३९३ | साह हार्डवेर सेन्टरको बिजक २०५ | २१४०४३३.०० | वडा नं. १८ मा जिन्सी दाखिला भई |

| | | | | | |
|---|---|---|---|---|---|
| २/०७६/३/३१ | | | साह हार्डवेर सेन्टरको बिजक १९७ | १७४८०७.०० | जडान हुन बाँकी रहेको पि.भि.सि. पाइप लगायतका सामानहरु |
| २/०७६/३/३१ | | | हिमाल आइरन स्टोर्स | २७९००.०० | |
| ५/२०७६/३/३१ | सिंचाईको लागि बोडिङ्ग जडान गर्ने उ.स १२ | ३६५७१८ | साह हार्डवेर सेन्टरको बिजक २०१ | १६८०४८ | ल.ई. तयार गर्दा २१ वटामा जडान गर्न रु. ९००१६० कार्यालयले व्यहोर्नेमा ८ वटा जडान गरेको छ। |
| ५/२०७६/३/३१ | | | हिमाल आइरन स्टोर्स | ८१०० | |
| ८/२०७६/३/३१ | सिंचाईको लागि बोडिङ्ग जडान गर्ने उ.स ६ | ३९६५२० | साह हार्डवेर सेन्टर | १८०४६२ | ल.ई. तयार गर्दा २१ वटा बोरिङ्ग जडान गर्न भनेकोमा ८ वटा जडान गरेको छ। |
| ८/२०७६/३/३१ | | | हिमाल आइरन स्टोर्स | ९००० | |
| ११/२०७६/३/३१ | सिंचाईको लागि बोडिङ्ग जडान गर्ने उ.स ५ | ३८४३१२ | साह हार्डवेर सेन्टर विजक नं. १९९ | १६९३०९ | ल.ई. तयार गर्दा २१ वटा बोरिङ्ग जडान गर्न भनेकोमा १५ वटा जडान गरेको छ। |
| ११/२०७६/३/३१ | | | हिमाल आइरन स्टोर्स | १२५०० | |
| | जम्मा | ३९९८९४३ | | | |

७७. **पाइप मौज्दात** :- वडा नं. १८ मा जिन्सी मौज्दात रहेको पि.भि.सि. पाइप लगायतका निम्नअनुसार सामान जडान भएको प्रमाण पेश गर्नुपर्ने रु. २४६२४४

| सामानको नाम | परिमाण | रकम |
|---|---|---|
| पि.भि.सि पाइप | ६३४० | १२६४०६९ |
| पि.भि.सि. फिल्टर | १५७५ | ३६७३३७ |
| जि.आई निपुर | ३१५ | १३३६३२ |
| टि. | १०५ | ९४५०० |
| सिल्भेन्ट | २१० | ३४६५० |
| हेन्ड पाइप | २२ | १९८०० |
| | मु.अ.कर | २४६२४४ |
| | **जम्मा** | **२१६०२३२** |

७८. **बस्तु वा सेवाको करारमा मुअकर** मुअकर नियमावली २०५३ को नियम (६ग) मा सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थालेठेक्का सम्झौता वा करार अन्तरगत आपुर्तिहुने बस्तु वा सेवा वा बस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाइ भुक्तानी गर्दा निजलाइ भुक्तानी गर्ने कर रकमको पचास प्रतिशत हुन आउने रकम निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरी बाकी रहने कर वापतको रकममात्र भुक्तानीगर्नुपर्ने ब्यबस्था छ । पालिकाले नियमावली लागू भएको २०७६ जेठ १५ पछिको देहायको ठेक्का सम्झौता वा करारको भुक्तानीमा कर रकमको पचास प्रतिशत हुन आउने रकम सम्वन्धित राजश्व शिर्षकमा जम्मा भएको देखिएन नियमावलीको सो ब्यबस्था बमोजिम भुक्तानी गर्ने कर रकमको ५० प्रतिशत हुन आउने रकम सम्बन्धितको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गर्नु पर्ने रु ९३५७१.००

| ब.उ.शि. नंवर | गोश्वरा भौचर नंवर | आपुर्तिकताको नाम र पान नंवर | बिबरण | भुक्तानी मुअकर रकम | राजश्व शिर्षकमा जम्मा नभएको रकम |
|---|---|---|---|---|---|
| मर्मत सम्भार कोष | ६/३/३१ | ब्रोदर्श कन्स्ट्रक्सन | सडक मर्मत | ५६००२ | २८००१ |
| | ७/३/३१ | ओम विल्डर्स एण्ड कन्सल्टेन्सी | सडक मर्मत | ५४७९९ | २७३९९ |
| | ८/३/३१ | जय दुर्गा कन्स्ट्रक्सन | सडक मर्मत | ५६०२० | २८०१० |
| अस्पताल तर्फ | ३९/३/२४ | वालाजी सप्लायर्स | राशन आपुर्ती | २०३२३ | १०१६१ |
| | | | जम्मा | | ९३५७१ |

| | | |
|---|---|---|
| ७९. | **झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम**<br>सहजा खोला महादेव घाटमा झो पु निर्माणकोलागि जिल्ला प्राविधिक कार्यालय सिरहावाट मिति २०७५।२।३० मा सम्झौता र कार्यादेश भई यस कार्यालयमा सरी आएकोमा उपभोक्ता समितिलाई प्रथम विलवाट रु १२६३४९९।०० र अन्तिम विलवाट रु ९३५०७।०० समेत रु १३५७००६।०० भुक्तानी भएको छ । रु ३२२१३३१.८७ ल.ई रहेको पुल निर्माणकोलागि नगरपालिकाको रु १९३२८३।५१ , केन्द्रको रु २९६३६२०।५२ र समुदायको रु ६४४२७८४ भुक्तानी हुने व्यहोरा उल्लेख भएकोमा ठेक्का विल स्विकृत नगरी कार्य सम्पन्न प्रतिवेदान समेत तयार नगरी असार ३१ का दिन अन्तिम विल समेत यस वर्ष यस कार्यालयवाट रु १३५७००६।०० भुक्तानी भएको र प्राविधिक कार्यालयवाट विगतमा कति भुक्तानी भएको थियो विवरण र कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु | १३५७००६ |
| ८०. | **ब.उ.सि.नं. ३६५०१५३ जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा**<br>**निकासा :-** सरकारले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरीकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्न यस पालिकाले आर्थिक बर्ष २०७५।७६ मा २२ वडाका १६१५० जनालाई रु ६७२१००००।०० खर्च गरेको देखिन्छ भने यस सम्बन्धमा देखिएका ब्यहोरा देहाए अनुसार रहेका छन । | |
| ८१. | **समयमा फिर्ता नभएको** लेखापरिक्षण हुँदाको समयसम्म पनि विभिन्न बैङ्कहरुलाई दिएको सामाजिक सुरक्षा भत्ता वापतको पेश्की तथा वालपोषण भत्ता वितरण बापत वडा सचिवहरुलाई दिएको पेश्की रु.१३३६८१८०० मध्ये रु २३१८४००। मात्र फर्छ्यौट भई रु. १३१३६३४०० पेश्की बाँकी रहेको अवस्थामा संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रकम एकिन गर्न सकिएन । पालिकाले पेश्की समयमै फर्छ्यौट गरी बाँकी रहने रकम संघिय सञ्चित कोषमा दाखिला गर्नु पर्दछ । | |
| ८२. | **अभिलेख एकिन:** सामाजिक सुरक्षा सञ्चालन कार्यविधी, २०७५ को दफा १० मा स्थानिय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको अनुसुची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने तथा लाभग्राहीको विवरण MIS मा प्रविष्टी गर्नुपर्नेछ भन्ने व्यवस्था छ । यस पालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको अनुसुची ५ बमोजिमको अद्यावधिक अभिलेख वडागत रुपमा राखेको तथा लाभग्राहीको विवरण MIS मा प्रविष्टी गरेको पाइएन ।लेखापरिक्षण हुँदाको समयसम्म पनि विभिन्न बैङ्कहरुलाई दिएको सामाजिक सुरक्षा भत्ता वापतको पेश्की तथा वालपोषण भत्ता वितरण बापत वडा सचिवहरुलाई दिएको पेश्की रु.१३३६८१८०० मध्ये रु २३१८४००। मात्र फर्छ्यौट भई रु. १३१३६३४०० पेश्की बाँकी रहेको अवस्थामा कति जनसङ्ख्या सामाजिक सुरक्षाबाट लाभान्वित भयो एकिन गर्न सकिएन । यस सम्बन्धमा पालिका कार्यालयले वास्तविक लाभग्राहीहरुको बिवरण एकिन गरी एम.आइ.एस. मा प्रविष्टि गरी मात्र भत्ता बितरण गर्नु पर्दछ । | |
| ८३. | **बैक मार्फत भत्ता बितरण नगरेको :**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृती बिना हातहातै नगद भत्ता बितरण गर्न पाइने छैन भन्ने ब्यवस्था छ । यस पालिकाले बालपोषण कार्यक्रम अन्तर्गत २२ वटै वडाका दलित बालबालिकाहरुलाई पहिलो चौमासिकमा गो.भौ.नं. २।९।१७बाट रु. ३९,३२,८००। र गो.भौ.नं. ४।१०।१७बाट २८,८००। तथा दोस्रो र तेस्रो चौमासिकमा गो.भौ.नं. २६।३।२४ बाट रु. २,०१,३१,२०० दलित तथा गैर दलित बालबालिकाहरुलाई वडा सचिवहरुले नगद पेश्की लिई वितरण गरेको देखियो । यसरी बितरण गरेको रकमको सार्वजनिक समिक्षा गरेको देखिएन अत यस पालिकाले कार्यबिधिमा उल्लेख भएको ब्यवस्था अनुसार बैक मार्फत सामाजिक सुरक्षा रकम बितरण गर्नु पर्दछ । | |
| ८४. | **अनुगमन नभएको :**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा २८ मा उप प्रमुख तथा उपाध्यक्षको संयोजकमा ७ सदस्य रहेको एक अनुगमन तथा मुल्याङ्कन र प्रतिबेदन समिति रहने र उक्त समितिले समाजिक सुरक्षा भत्ता बितरणको नाम दर्ता, नबिकरण, भत्ता बितरण, लाभग्राहीसंग भेटघाट तथा सुझाव संकलन र सार्वजनिक सुनाइको प्रतिबेदन अध्ययन गर्ने, सुझाव कार्यान्यन तथा गुनासो सम्बोधन भए नभएको समिक्षा गर्न, कार्यक्रम सम्बन्धमा अनियमिता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागी सिफारिस गर्न र सही ब्यक्तिलाइ सही समयमा सही रकम प्रदान भए नभएको अध्ययन गरी गर्नु पर्ने बिषयमा सुझाब दिने र चौमासिक रुपमा बैठक बसी समितिले चौमासिक प्रतिबेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले सो ब्यवस्थाको अनुशरण गरेको देखिएन । अत कार्यालयले बितरण गरेको रकम सही रुपमा बितरण गरेको छ भन्ने बिश्वस्त हुन सक्ने अनुगमन प्रतिबेदन पेश गरेको | |

| | | |
|---|---|---|
| | देखिएन । कार्यालयले यस तर्फ ध्यानदिनु पर्ने देखिन्छ । | |
| ८५. | **बिवरण उल्लेख नभएको:** सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७५ को दफा १३ मा लाभग्राहीहरुको फोटो सहितको अनुसुची ५ बमोजिमको मुल अभिलेख खडा गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने व्यवस्था छ । यस नगरपालिका कार्यालयले आर्थिक बष २०७५।७६ मा बितरण गरेको सामाजिक सुरक्षा भता बितरण भरपाईमा लाभग्रहिहरुको जन्म मिति, नागरिकता नम्बर, र परिचय पत्र समेत उल्लिखित गरेको देखिएन । यसरी भत्ता बितरण गर्दा वास्तबिक लाभग्राही हरुले पाएको हो होइन भन्ने प्रष्ट आधार देखिएन । अत पालिका कार्यालयलबाट बितरण गरिने सामाजिक सुरक्षा भत्ता बितरण भरपाइमा अनुसुची ५ मा उल्लेख भए बमोजिमको जन्म मिति, नागरिकता नम्बर र परिचय पत्र प्रविष्ट गरी बितरण गर्नुपर्दछ । | |
| ८६. | **ब.उ.शि.नं. ८०१७६९३ अन्तर सरकारी वित्तीय हस्तान्तरण शसर्त**<br>**तलबी प्रतिवेदन :-** विद्यालयमा सेवारत शिक्षकहरुको तलब विद्यालय शिक्षक किताव खानाबाट पारित तलवी प्रतिवेदनका आधारमा खर्च लेखिनु पर्दछ । कार्यालयले यस वर्ष विद्यालयमा सेवारत शिक्षकको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नभएको अवस्थामा लेखिएको खर्च सही र यथार्थ परक हो भनि एकीन गर्न सकिएन कार्यालयले शिक्षकको तलबी प्रतिवेदन पारित गरी खर्च लेख्नु पर्दछ । | |
| ८७. | **कार्यक्रमगत खर्च खाता** आर्थिक कार्यविधि नियमावली को नियम ३५ (२) (क) मा कुनै पनि रकम को खर्च गर्दा रकम स्वीकृत बजेट भित्र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने खर्च गर्न सकिने उल्लेख छ । त्यस्तै दफा ४५ (क) मा स्वीकृत रकम सम्बन्धित सेवा तथा कार्यकम को निमित्त स्वीकृत सिमा भित्र रही सोही प्रयोजनमा खर्च गनुपर्ने उल्लेख भएको कार्यालयले सशर्त अनुदानको विषयगत खर्चको छुट्टाछुट्टै स्रेस्ता खडा गरी वैक नगदी कितावमा प्रविष्ट गरी निकासा खर्च र बाँकी देखिने गरी कार्यक्रमगत खर्च खाता तयार गरी कृयाकलाप अनुसार कृयाकलापको सिमाभित्र रहेर खर्च गनुपर्नेमा सो गरेको छैन । सशर्त तर्फको सम्पूर्ण स्रेस्ताको कार्यकमगत खर्च खाता नराखेको पाइयो जसले गर्दा विषयगत कार्यकम सिमाको परिपालना भएको पाईएन । यसले गर्दा कुन-कुन विषयगत क्षेत्रमा के कति खर्च भएको कुन-कुन कृयाकलापमा कति खर्च भयो एकिन गर्न सकिएन । | |
| ८८. | **लक्ष्य प्रगती विवरण:** बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले आर्थिक विधि नियमावली, २०६४ को नियम २५ तथा अनुसुचि २ बमोजिमको ढाचामा चौमासिक प्रगती विवरण तयार गर्नु पर्नेमा चौमासिक लक्ष्य प्रगती विवरण तयार गरेको पाइएन । त्यसबाट स्विकृत कार्यक्रम अनुसार कुनकुन कार्यक्रम सन्चालन भए, कुन कार्यक्रम सन्चालन भएनन्, कुन कुनमा तोकिएको लक्ष्य भन्दा न्यून प्रगती भयो यकिन गर्न सकिएन । | |
| ८९. | **लाभग्राहीको अभिलेख:** पालिकाले विगत वर्षमा कुन कुन व्यक्ति सस्था लाभग्राहीलाई वस्तुगत, नगद तथा परामर्श सेवा प्रदान गरेको थियो, यो वर्ष कुनु-कुनु लाभग्राहीलाई के-के अनुदान दियो अभिलेख राखेको छैन । अभिलेख नराख्दा एउटै व्यक्ति सस्थालाई पटक पटक अनुदान जानसक्ने र कतिपय अत्यावश्यक अवस्थामा सेवासुविधा पाउनबाट बञ्चित हुनसक्ने देखिन्छ । | |
| ९०. | **लाभग्राही छनौट मापदण्ड** : कृषकको व्यवसायिक क्षमता, जनशक्ति, समुदायमा पुऱ्याउन सक्ने योगदान, विगतमा पालिका र अन्य निकायहरुबाट कुनै किसिमको वस्तुगत तथा नगद अनुदान प्राप्त गरेको भए सो समेतलाई आधारलिई वस्तुनिष्ट आधार तयार गरी प्रस्तावकहरु मध्येबाट उत्कृष्ट ठानिएको लाभग्राहीलाई छनौट गर्नु पर्नेमा सो अनुसार छनौटको आधार खुलाएको छैन । वस्तुनिष्ट मापदण्ड तथा कार्यविधि तयार गरी लाभग्राही छनौट गरीनु पर्दछ । यसबाट प्राथमिकता प्राप्त क्षेत्रमा अनुदान रकम गयो गएन खुलासा हुन सकेन । | |
| ९१. | **शिक्षक अभिलेख :-** शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार शिक्षा विभाग समावेशी शिक्षा शाखाबाट प्रमाणित गरी पठाएको दरबन्दी विवरणका आधारमा शिक्षकहरुको अभिलेख अद्यावधिक गरी शिक्षक एवं कर्मचारीहरुको तलब भत्ता लगायतका रकम विद्यालयगत रुपमा यकिन गरी खर्च लेख्नुपर्ने उल्लेख छ । तर नगरपालिकाले विद्यालयगत रुपमा शिक्षकहरुको स्थायी, अस्थायी एवं राहत दरबन्दी विवरण अद्यावधिक गरको पाइएन । साथै नगरपालिकाले यसवर्ष कुन कुन विद्यालयमा के कति शिक्षकहरुको नयाँ नियुक्ति, सरुवा, बढुवा, अवकास एवं बेतलबी बिदामा छन् सोको अद्यावधिक विवरण लेखापरीक्षणमा पेश नगरेकोले विद्यालयको तलबी माग फारामलाई नै आधार मानी तलब निकासा भिडान गरिएको छ । जसले गर्दा तलब निकासा रकम यथार्थ परक एवं दुरुस्त छ भनी आश्वस्त हुन सकिएन । | |

| | | |
|---|---|---|
| ९२. | **दोहोरो निकासा : ३।२०७५.६.१९** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम३६ (३) र (८ )मा रित प्रकृया पुरा गरि यथेष्ट प्रमाण विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ।च.उ.मा.विसिरहा शिक्षक द्वय अमेन्द्र कुमारयादव र मो. अजमत अलीको नाममा २०७५ श्रावण देखि असौज सम्म को पारिश्रमिक क्रमश रु १०९०००।०० र १०८६१६।०० गरि रु २१७६१६।०० खर्च लेखेकोमा सोही भौचरमा अर्को एक पेरोल संलग्न गरी निजहरुको नाममा त्यती नै रकम रु २१७६१६।००निकासा भएकोले दोहोरो निकासा रकम असुल गरि संघिय सञ्चितकोष दाखिला हुनुपर्ने रु | २१७६१६।०० |
| ९३. | **सिरहा वहिरा विद्यालय अनुदान:**१४।२०७५.११.२२ स्वीकृत कार्यक्रम तथा शिक्षा मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६कोकृयाकलाप नं २.१५.११.७७४ को ६. ख.१ अनुसार यस विद्यालयका सुष्तश्रवण भएका ७२ विद्यार्थी (ई.आई.एम.आई.एस ट्र्याकिङ को आधारमा).को लागि प्रति विद्यार्थि अनुदान रु ४०००।००ले १० महिनाको ४००००।००ले २८,८०,०००।०० अनुदान ऐको छ । प्रति विद्यार्थि अनुदान रु ४००००।०० मध्येरु ५०००।०० विद्यार्थि स्वयंलाई सावुन,सेम्फु,नेलकटर जस्ता फुटकर खरिदको लागि दिने भनेकोमा ७२ विद्यार्थिको रु ३,६०,०००।०० वुझाएको भर्पाई तथा हाजिरी पेश हुन नआएकोले पेश हुनुपन रु | ३,६०,०००। |
| ९४. | **शिक्षक सहयोग अनुदान** ३६।२०७६ .३.२५ कृयाकलाप नं आर्थिक कार्यविधि नियमावली २०६४ को नियम३६ (३) र (८ )मा रित प्रकृया पुरा गरि यथेष्ट प्रमाण विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ।त्यस्तै शिक्षा मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६कोकृयाकलाप नं२.१५.११.६३६मा दरवन्दि नभएको विद्यालयलाई आ.व. २०७५।७६को लागि शिक्षक सहयोग को व्यवस्था गरे अनुशार ज.मा.वि लक्ष्मिनिया भजानाहा लाई शिक्षक नियुक्ती गर्न रु ३६६०००।०तथा आधारभूत विद्यालय ठेगंहि लाई रु २८२०००।००गरि रु ६४८०००।०० दिएकोमा शिक्षक नियुक्ती नगरेको नगरपालिका शिक्षा शाखा प्रमुख बाट जानाकारी प्राप्त भएकाले अनुदान रकम असुल गरी संघिय संचितकोष दाखिला हुनु पर्ने रु | ६४८०००।० |
| ९५. | ३६।२०७६ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम३६ (३) र (८ )मा रित प्रकृया पुरा गरि यथेष्ट प्रमाण विल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ।त्यस्तै शिक्षा मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को कृयाकलाप नं२.१५.११.६३६मा दरवन्दि नभएको विद्यालयलाई आ.व. २०७५।७६को लागि शिक्षक सहयोग को व्यवस्था गरे अनुशार मा.वि हकपारा लाई २ जना शिक्षक नियुक्ति गर्न रु७३२०००।०० अनुदान दिएकोमा १ शिक्षक नियुक्ती गरि १ शिक्षक नियुक्ती नगरी नगरपालिका शिक्षा शाखा प्रमुख बाट जानकारी प्राप्त भएकाले शिक्षक नियुक्ती नगरी शिक्षकको तलब बापत रु३६६०००।०० भुक्तानी भएकोले सो रकम असुल गरी संघिय संचितकोष दाखिला हुनु पर्ने रु. | ३६६०००।०० |
| ९६. | **दरबन्दी व्यवस्था:** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । पालिकाले बाल विकास समेत ५४ सामुदायिक शैक्षिक संस्था लाई अनुदान दिएकोमा कुन कुन शैक्षिक संस्था विद्यालयमा कुन कुन तहको के कति दरबन्दी रहनुपर्ने हो सो स्वीकृत गरेको पाईएन । पालिकाले उपलब्ध शिक्षक कर्मचारीहरुलाई आन्तरिक रुपमा आवश्यकता अनुसार खटाएको पाईयो । यस सम्बन्धमा पालिकाको शिक्षा शाखा प्रमुखलाई सोधिएकोमा देशका सम्पूर्ण शिक्षक कर्मचारीहरुको दरबन्दी शिक्षा मन्त्रालयमा पूल दरबन्दीको रुपमा रहेको जानकारीमा आयो । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ । | |
| ९७. | **पाठ्यपुस्तकको बिल भरपाई -** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ त्यस्तैकार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५ अनुसार स्थानीय तहले वि.नि.एवं स्रोत व्यक्तिले यकिन गरेको विद्यालयका कक्षागत विद्यार्थीहरुको विवरणको आधारमा दोस्रो चौमासिकमा पहिलो किस्ता स्वरुप ७५ प्रतिशत पाठ्यपुस्तक रकम निकासा विद्यालयलाई दिने व्यवस्था छ । त्यस्तै नयाँ शैक्षिक सत्र प्रारम्भ भए पश्चात विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिद बिल एवं नाम नामेसी सहितको वितरण भरपाई सहित नपुग रकम विद्यालयले माग गरे पश्चात २५ प्रतिशत रकम विद्यालयलाई उपलब्ध गराउने उल्लेख छ । पालिकाले यस वर्ष पालिका अन्तर्गतका ५२ विद्यालयहरुलाई पाठ्यपुस्तक बापतको निकासा रकम देहाय भौचरबाट विद्यालय खातामा निकासा दिएकोमा विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिद बिल एवं संशोधित नामनामेसी सहितको वितरण भरपाई तथा सोको अनुगमन प्रतिबेदन पेश नभएको रु. | ५७२१६३७ |

| गोश्वरा भौचर नंबर | बिबरण | रकम |
|---|---|---|
| १६।२०७६.२.२ | ५२बिद्यालयलाइ पाठयपुस्तक | ४४४८८२४.०० |
| ३४।२०७६.३.२४ | ३४ बिद्यालयलाई नपुग पाठयपुस्तक | १२७२८१३.०० |
| | | ५७२१६३७ |

९८. **पाठ्यपुस्तक अनुदानः** यस पालिकाले पालिका अन्तरगतका ५२ विद्यालयका १०५१९ विद्यार्थीको लाई पाठ्यपुस्तक वितरणको लागि विवरण तयार गरेकोमा प्रथम किस्ता बापत पुरै शत प्रतिशत रु ४४४८८२४।०० तथा नपुग दोस्रो रु. १२७२८१३।०० गरी जम्मा अनुदान रु ५७२१६३७- निकाशा दिएको छ । शुरुमै शतप्रतिशत अनुदान दिईसकेपछि संशोधित विद्यार्थि विवरण पेश नगरि शुरु विवरण भन्दा रु १२७२८१३।०० बढी भुक्तानी गरेकोमा सोको कारण खुलाएको छैन ।

९९. **दाखिला प्रमाण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । विद्यालयले चौमासिक निकासा माग फाराम पेश गर्दा अघिल्लो चौमासिक मा तलव भत्ता वित्तरण गर्दा कट्टी भएको सा.सु. कर, पा..कर, ना.ल.कोष., क.सं कोष कट्टी तथा सापटि कट्टी को सक्कल प्रमाण पेश गनुपर्नेमा सो गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने विश्वस्त आधार भएन ।

१००. **पारिश्रमिक करः** आयकर ऐन २०५८ को दफा ८७ मा रोजगारदाताले कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा करयोग्य आयमा लाग्ने कर अग्रिम रुपमा कट्टागरी दाखीला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले बिभिन्न विद्यालयका शिक्षकहरुको पारिश्रमिक भुक्तानी गर्दा कर कट्टा एवं दाखिला गरेको देखिएन । पछिल्लो चौमासिक निकासा लैजादा कर दाखिलाको प्रमाण पेश हुनु पर्दछ । सो नभएकोले विद्यालयवाट लिएको अन्य सुविधा समेत गणना गरी कर कट्टीको प्रमाण पेश हुनु पर्दछ । .

१०१. **विद्यालयगत निकासा खाता** : कार्यालयले प्रत्येक विद्यालयको स्थायी, अस्थायी दरवन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता राखेको देखिएन । विद्यालयहरुलाई प्रथम दोश्रो र तेश्रो गरी तलव भत्ता स्वरुप जाने निकासाहरुको कम्प्यूटर सफ्टवेयरबाट अभिलेख राखेको भएतापनि विभिन्न कारणले चौमासिक छुट निकासा तथा सबै अनुदान र अन्य निकासा हुने सबै अनुदानहरु सफ्टवेयरबाट देखाउने गरेको देखिएन । यसरी छुट निकासा तथा सबै अनुदानहरु सफ्टवेयरमा नदेखाउने भएकोले थप निकासाका रुपमा जाने तलव भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत रुपमा गएको निकासा रकमको स्थिती स्पष्ट हुन सकेन । विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्ट गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख राख्नु पर्ने देखिन्छ ।

१०२. **फरक तथ्यांक** : पालिकाले विद्यार्थीहरुलाई पाठ्यपुस्तक उपलब्ध गराउन तयार गरेको विवरणमा उल्लिखित संख्या र बुक कर्नर वापत अनुदान उपलब्ध गराउन तयार गरेको संख्या फरक फरक देखिएको छ । पाठ्यपुस्तक वितरण प्रयोजन उल्लेख गरेको विवरण भन्दा बुक कर्नर वापत उपलब्ध गराउन तयार गरेको तथ्यांक बढी देखिएकोले सो आधारमा बढी भुक्तानी रकम असुल हुनु पर्ने रु. ४८८७५०

| तह | पाठ्यपुस्तक विवरणमा उल्लिखित संख्या | बुक कर्नरमा उल्लिखित संख्या | फरक | दर | रकम रु |
|---|---|---|---|---|---|
| आधारभुत प्राथमिक कक्षा १-५ | ७५८३ | ८७४३ | ११६० | १५०। | १७४००० |
| निम्न माध्यमिक कक्षा ६-८ | २८१६ | ३७४४ | ९२८ | २०० | १८४००० |
| माध्यमिक कक्षा ९-१० | १५३६ | २०५९ | ५२३ | २५० | १३०७५० |
| | | | | **जम्मा** | **४८८७५०** |

१०३. **छात्रवृत्ति अनुदान -** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ त्यस्तै शिक्षा मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०७५।७६ अनुसार आवासिय छात्रबृत्ति, दलित छात्र छात्रा र विद्यालयमा अध्ययनरत छात्रा छात्रवृत्ति लगायतका छात्रवृत्ति रकम विद्यालयगत विद्यार्थी लगतको आधारमा स्थानीय तहले विद्यालयहरुको खातामा निकासा दिने र विद्यालयहरुले नाम नामेसी अनुसार भरपाई बनाई वितरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष छात्रवृत्ति वितरणको लागि विद्यालयहरुलाई देहाय बमोजिम निकासा दिएकोमा विद्यालयले उक्त रकम सम्बन्धित विद्यार्थीहरुलाई वितरण गरे वा नगरेको सम्बन्धमा कार्यालयले भरपाई कागजात एवं अनुगमन गरी प्रतिवेदन गरेको नपाइएकोले वितरण गरेको प्रमाण पेश हुनु पर्ने रु. २१८२०००.०

| गोश्वरा भौचर नंबर | बिबरण | रकम |
|---|---|---|
| १६।२०७६.२.२ | ५२बिद्यालयलाइ छात्रा,द.छात्रा, छात्र छात्रा छात्रबृत्ति | २१८२०००.०० |

१०४ **दिवा खाजा** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । त्यस्तै शिक्षा मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को खण्ड २ को कयाकलाप नंबर २.१५.११.७७७ को अनुसार दिवा खाजा प्राप्त गर्ने विद्यार्थिको हाजिरी

,प्रगति प्रतिवेदन लिनु पर्ने उल्लेख भएकोमा प्रगति प्रतिवेदन पेश नभएकोले पेश हुनु पर्ने रु

| गोश्वरा भौचर नंबर | विद्यार्थिको संख्या | दिन | दर | रकम |
|---|---|---|---|---|
| ८।२०७५.९.१७ | ४३६३ | ९२ | १५ | ६०२२३२० |
| २६।२०७६.३.२२ | ४१८४ | ४४ | १५ | २७६१४४० |
| जम्मा | | | | ८७८३७६०.०० |

८७८३७६०.

१०५. **वर्षान्तमा अनुदान** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७८ मा बजेट फ्रिज हुन नदिने उद्देश्यले पेश्कीको रुपमा कसैलाई रकम दिन नहुने उल्लेख छ । यस नगरपालिकाले विभिन्न शैक्षिक संस्थालाई विभिन्न प्रयोजनकालागि अनुदान भनि आर्थिक वर्षको अन्तिम दिन आ.व.को अन्त्यमा अनुदान दिएको पाईयो । बजेटले अपेक्षा गरे अनुरुप आर्थिक वर्षभित्रमा सोहि प्रयोजनमा प्रगती हासिल गर्नुपर्नेमा हासिल हुन सकेको देखिएन ।

| भौ.नं र मिति | अनुदान पाउने विद्यालय | प्रयोजन | रकम |
|---|---|---|---|
| ३०।२०७६.३.२४ | सामुदायिक शिकाई केन्द्र भलुवाही | संचालन | २५००००० |
| ३०,३१/२०७६.३.२४ | मिथिला सामुदायिक शिकाई केन्द हकपारा | संचालन | २५८६०० |
| ३०,३१/२०७६.३.२४ | सामुदायिक शिकाई केन्दराम जानकी१ | संचालन | २५८६०० |
| ३०,३१/२०७६.३.२४ | सामुदायिक शिकाई केन्द रामजानकी २ | संचालन | २५८६०० |
| ३०,३१/२०७६.३.२४ | सामुदायिक शिकाई केन्द | संचालन | |

उपर्यूक्त अनुदान रकमको कार्यान्यन अवस्था जानकारी हुन नआएकोले अनुगमन गरी सोही प्रयोजनमा उपयोग भए नभएको विश्लेषण गरी प्रभावकारीता मूल्यांकन गरिनुपर्दछ ।

१०६. **कार्य सम्पन्न प्रतिवेदन** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ त्यस्तै शिक्षा मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को खण्ड २ कोकयाकलाप नंबर ८.२.३.३१.१० को छ (१)अनुसार २काठे तथा ४काठे भवन निर्माण गर्दा स्थानिय निमार्ण सामाग्रि खरिद गर्न पहिलो किस्ताकोरुपमा कुल अनुदान रकमको ३० प्रतिशत रकम निकासा दिने, छ (२)अनुसार स्टक्चरल पार्टको काम सम्पन्न भए पस्चात कुल अनुदान रकमको ५० प्रतिशत रकम दिने तथा कार्य सम्पन्न गरे पस्चात नापी किताव भरीकार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा कुल अनुदान रकमको २० प्रतिशत रकम निकासा दिने उल्लेख भएकोमा पालिकाले निम्नानुसारको रकम निकासा दिँदा काय कार्य सम्पन्न प्रतिवेदन समेत तयार हुनु भनदा पहिला नै निर्माण खर्चको विल भपाई समेत नलिई सम्पूर्ण रकम निकासा दिएको पाईएकोले विल भर्पाई संलग्न गरि कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु....

५३०००००।

| गो.भौ.नं र मिति | विद्यालयको नाम | अनुदान प्रयोजन | लागता अनुमान अनुसार पाउने | निकासा रकम रु |
|---|---|---|---|---|
| २२/२०७६.२.२८ | जनता आधारभुत विद्यालय ईटारी | सौचालय निर्माण | ७००००० | ३५०००० |
| ३८/२०७६.३.२५ | ,, ,, ,, | ,, ,, | | ३५०००० |
| | | | | **७०००००** |
| २२/२०७६.२.२८ | जनता आधारभुत विद्यालय लक्ष्मिनीया | सौचालय निर्माण | ७००००० | ३५०००० |
| ३८/२०७६.३.२५ | ,, ,, ,, | ,, ,, | | ३५०००० |
| | | | | **७०००००** |
| २२/२०७६.२.२८ | जनता आधारभुत विद्यालय सनहैठा | सौचालय निर्माण | ७००००० | ३५०००० |
| ३८/२०७६.३.२५ | ,, ,, ,, | ,, ,, | | ३५०००० |
| | | | | **७०००००** |
| २५/२०७६.३.४ | तिलेश्वरी आधारभुत विद्यालय खिरौना | २कोठे भवन निर्माण | १६००००० | ८००००० |
| ४०/२०७६.३.२५ | ,, ,, ,, | ,, ,, | | ८००००० |
| | | | | **१६०००००** |
| २५/२०७६.३.४ | जनता आधारभुत विद्यालय भजनाहा | २कोठे भवन निर्माण | १६००००० | ८००००० |

| | | | | |
|---|---|---|---|---|
| | ,लक्ष्मिनीया | | | |
| ४०/२०७६.३.२५ | ” ” ” | ” ” | | ८००००० |
| | | | | १६००००० |

१०७. **अनुगमन** : पालिकाले निम्नानुसारका संस्थालाई देहायको प्रयोजनको लागि निम्नानुसारको अनुदान दिएकोमा संस्थाहरुबाट विल विजक प्रगति प्रतिवेदन लिई निरन्तर अनुगमन मुल्याङ्कक गरिएको पाईएन गत विगत वर्ष र यो वर्ष कुन कुन संस्थालाई के प्रयोजनको लागि कति अनुदान रकम उपलब्ध गराईएको थियो सोहि प्रयोजनमा खर्च भयो भएन अनुगमन गरी खर्चको उपादेयता मूल्याङ्कन गरिनु पर्दछ ।

| ब.उ.शि.नं. | गौ.भौ.नं. मिति | अनुदान प्रयोजन | अनुदान पाउने | रकम |
|---|---|---|---|---|
| सशर्त शिक्षा | १९/२०७६.२.६ | प्राविधिक धार | च.उ.मा.वि | ६४७७९० |
| सशर्त शिक्षा | २३/२०७६.२.२८ | पुस्तकालय | ला.श.मा.वि माडर | ६५०००० |
| सशर्त शिक्षा | २३/२०७६.२.२८ | विज्ञान प्रयोगशाला | मा.वि लगडी गदीयानी | ६५००० |
| सशर्त शिक्षा | २३/२०७६.२.२८ | सूचना प्रविधि | मा.वि हकपारा | ६५००० |
| सशर्त स्वास्थ्य | विभिन्न | संचालन | नगर स्वास्थ्यकेन्द्र सिरहा | १६९००० |

१०८ **नविकरणिय उर्जा**

**सुधारिएको चुलो खरिद** १।२०७६.३.२५सार्वजनिक खर्च मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी मार्गदर्शन २०७५ को बुदा ५ मा सार्वननिक निकायहरुका लागि आवश्यक पर्ने वस्तु तथा सेवाको आपूति ,भण्डारण ,वितरणलाई पारदर्शि मितव्ययी र अनुमान योग्य वनाउनुपर्ने उल्लेख छ । कार्यालयले वराहगोवर ग्यास तथा नविकरणिय उर्जा प्रा.लि बाट रु ४९६९९९।००मूल्यका १४२ थान सुधारिएको चुलो खरिद गरेको लक्षित वर्गलाई वितरण नगरि लेखापरिक्षण मिति २०७६।९।१५ सम्म भण्डारमै मौज्दात देखियो । लाभग्राही लाई वितरण गर्न खरिद गरेको सामान मौज्दातमा रहदा सर्वसाधरणको जिवनमा मितव्ययिता, जिवनस्तर तथा स्वास्थ्य सुधारमा अनुकुलता हासिल हुन सकेको नदेखिएकोले खरिदको औचित्य प्रष्ट हुनु पर्नै रु............... ४९६९९९।

१०९. **सोलार प्यानल खरिद** २।२०७६.३.२५ कार्यालयले पन्त ट्रेडर्स दमक झापाको विजक नं१४१।२०७६.३.२९ बाट वडा नं १ र २ मा जडान गर्न रु४९८०००।०० मूल्यका २ थान सोलार प्यानल खरिद गरेकोमा जडान प्रमाणित र कार्य सम्पन्न तयार गरेको नपाईएकोले कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु ४९८०००।०

११०. **सहकारी खेति, साना सिंचाई कार्यक्रम** ५।२०७६.३.३० सार्वजनिक खर्च मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी मार्गदर्शन २०७५ को बुदा ५ मा सार्वननिक निकायहरुका लागि आवश्यक पर्ने वस्तु तथा सेवाको आपूति ,भण्डारण ,वितरणलाई पारदर्शि मितव्ययी र अनुमान योग्य वनाउनुपर्ने उल्लेख छ । ठेक्का नं एस.एम.१२।०७५।०७६ सहकारी खेति, साना सिंचाई कार्यक्रम अन्तरगत विभिन्न स्थानमा ३५ सेट वोरिङ जडान अन्तरगत सामान खरिद गर्न मू. अ.कर समेत रु ७८६०७२।००को लागत अनुमान स्विकृत भएकोमा मिति २०७६.२.२५ र दोश्रो पटक पुन २०७६.३.११ सुचना प्रकाशन गरि संदिप निमार्ण सेवा ( विजकमा रवर स्ट्याम्प छाप जयमातादि ट्रेड एण्ड सप्लायर लगाएको )लाई २०७६.३.२९मा कार्यादेश दिई रु ७८१११२.५० भुक्तानी दिएको देखिन्छ । खरिद गरेका सबै वोरिङ सेट जडान नगरी लेखापरिक्षण मिति २०७६।९।१५ सम्म भण्डारमै मौज्दात देखियो । सर्वसाधरणलाई वितरण गर्न खरिद गरेको सामान मौज्दातमा रहदा सर्वसाधरणको जिवनस्तर सुधारमा असर पर्ने भएकोले जडान गरि कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु ७८१११२.५०

१११. **शशर्त पशुसेवा**

**लाभग्राही छनौट मापदण्ड** : कृषकको व्यवसायिक क्षमता, जनशक्ति, समुदायमा पुऱ्याउन सक्ने योगदान, गत विगतमा पालिका र अन्य निकायहरुबाट कुनै किसिमको वस्तुगत तथा नगद अनुदान प्राप्त गरेको भए सो समेतलाई आधारलिई वस्तुनिष्ट आधार तयार गरी प्रस्तावकहरु मध्येबाट उत्कृष्ट ठानिएको लाभग्राहीलाई छनौट गर्नु पर्नेमा लाभग्राही छनौटगर्दा छनौटको आधार खुलाएको छैन । वस्तुनिष्ट मापदण्ड तथा कार्यविधि तयार गरी लाभग्राही छनौट गरीनु पर्दछ । यसबाट प्राथमिकता प्राप्त क्षेत्रमा अनुदान रकम गयो गएन खुलासा हुन सकेन । यो वर्ष अनुदान पाउने लाभग्राहीको विवरण यसप्रकार छ :

| गो.भौ.नं | लाभग्राहीको नाम | किसिम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| ३६।२०७६.३.२५ | १२ किसान समूह | ४० लिटरको मिल्क कयान | उत्पादन प्रबर्द्धन | १३९२००।०० |

<table>
<tr><td>११२.</td><td><u>सशर्त स्वास्थ्य</u><br>कार्यक्रम प्रगती तथा खर्चका विल भर्पाइ : स्वास्थ्य सेवा विभाग ,ईपिडिमियोलोजि तथा रोगनियन्त्रण महाशाखाको च.नं. ४२०।२०७५।७।३०को पत्रानुशार,यस महाशाखाबाट प्रस्ताव गरे अनुसार अर्थकन्त्रालयबाट सिरहा नगरपालिकामा ७२ जना हाईड्रोसिलका विरामीहरुको निःशुल्क शल्यकृया कार्यक्रम संचालन गर्ने ,हाईड्रोसिलको शल्यकृया पस्चातको जटिलता व्यवस्थापन तथा हात्तीपाईले रोग विरुद्धका औषधि सेवन पश्चात उत्पन्न हुन सक्ने असरहरुको व्यवस्थापन गर्न एस.ए.ई व्यवस्थापन गर्न प्राप्त बजेट रु ५लाख २० हजार सिरहा अस्पताललाई उपलब्ध गराई समयमै कार्यक्रम सम्पन्न गर्न आवस्यक समन्वय गरिदिन अनुरोध गरे अनुसार पालिकाबाट रकम उपलब्ध गराएकोमा र सिरहा अस्पतालले आयमा समावेश गरी उपर्यूक्त अनुशारका के कति कार्यक्रम संचालन गरेको ,कति नगरेको , कार्यक्रम प्रगती तथा खर्चका विल भर्पाई पेशहुन आएन तसर्थ कार्यक्रम प्रगती तथा खर्चका विल भर्पाई पेशहुनु पर्ने रु</td><td>५२००००।०</td></tr>
<tr><td>११३.</td><td>खर्चमा मितब्ययिता र प्रभावकारीताः सार्वजनिक खर्च मितब्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी मार्गदर्शन २०७५ को बुदा ५ मा सार्वननिक निकायहरुका लागि आवश्यक पर्ने वस्तु तथा सेवाको आपूति ,भण्डारण ,वितरणलाई पारदर्शि मितव्ययी र अनुमान योग्य वनाउनुपर्ने उल्लेख भएकोमा वर्षान्तमा सवै मौज्दात रहने गरि गरेको निम्न खरिद प्रकृया मितब्ययिता र प्रभावकारीता तथा अनुमान योग्य हुन सकेको देखिएन । अतः यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।<br><table><tr><th>ब.उ.शि.न.</th><th>गो भौ नं./ मिति</th><th>विवरण</th><th>रकम</th></tr><tr><td>वित्तीय समानिकरण चालु</td><td>४९४।२०७६.३.२५</td><td>नेपाली खाम ११०००थान र ३१५६५फाईल खरिद गरेको मा सवै मौज्दातमा रहेको</td><td>३३९०००।००</td></tr></table></td><td></td></tr>
<tr><td>११४.</td><td><u>अस्पताल तर्फ</u> ३१।२०७५।११।२२ सुरज मेडिकोबाट फार्मेसीकोलागी भनी रु <u>३७९६२४।००</u> को ६९ प्रकारका औषधी र रु <u>१२०३०१।००</u> को १५ आईटम उपकरणहरु खरिद गरेकोमा उक्त औषधी तथा उपकरण विक्रि वितरणबाट के कती आम्दानी गरेको छ । सो को विक्रि विवरण तथा आम्दानीको हिसाव किताव पेश नभएको रु</td><td>४९९९२५।००</td></tr>
<tr><td>११५.</td><td><u>आयुर्वेद चालु</u><br>कोटेशन बिना खरिदः गो.भौ.नं. २२।२०७६।३।१७ सार्वजनिक खरिद नियमावली, २०६४ मा रु. १ लाख भन्दा बढीको सामान खरिद गर्दा कम्तिमा ३ वटा आपुर्तकबाट मुल्य सुची माग गरी कम मुल्यको मुल्य सुची पेश गर्ने आपुर्तकबाट खरिद गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले स्तनपाई आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्धक जडिबुटीजन्य औषधी खरिद गर्दा प्रकृती आर्युर्वेद सप्लायर्सको मिति २०७५।११।११ को विजक नं. १५६,१५७,१५८ र १५९ बाट क्रमशः रु. २,०८,५००।, रु. ९१५००।, रु. ७५०००। र रु. ८५०००। गरी जम्मा रु. ४,६०,०००। को औषधी खरिद गरेको देखिँदा अनियमित देखिएको रु</td><td>४६००००</td></tr>
<tr><td>११६.</td><td>दैनिक भ्रमण भत्ता वितरणः गो.भौ.नं. २९।२०७६।३।२४ विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम अन्तर्गत सिराहा नगरपालिका भित्रकै श्री मा.वि. भलुवाही वडा नं. ११, बज्रमोहन झब्बुराम जनता मा.वि. वडा नं. १७ तथा ला.श. मा.वि. माडरमा कार्यक्रम सञ्चालन गर्दाको निम्मबमोजिमको दैनिक भ्रमण भत्ता निम्म कर्मचारीले बुझिलिएको देखिएकोले उक्त दैनिक भ्रमण भत्ता भुक्तनी दिन मिल्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.<br><table><tr><th>सि.नं.</th><th>कर्मचारीको नाम</th><th>भुक्तनी पाएको रकम</th></tr><tr><td>१</td><td>सन्तोष कुमार ठाकुर</td><td>४८००</td></tr><tr><td>२</td><td>राम प्रताप साह</td><td>४८००</td></tr><tr><td>३</td><td>दामोदर झा</td><td>४८००</td></tr><tr><td>४</td><td>अरविन्द दास</td><td>३६००</td></tr><tr><td></td><td>जम्मा</td><td>१८०००</td></tr></table></td><td>१८०००</td></tr>
<tr><td>११७.</td><td>प्रधानमन्त्रि रोजगार कार्यक्रम :<br>यस कार्यक्रम अन्तर्गत यस पालिका अन्तर्गतका २२ वटै वडाका जम्मा ४०९ जना नागरिकहरुलाई पोखरी, कुलो-पैनी सरसफाई तथा वृक्षारोपण जस्ता कार्यमा ६ दिन देखि ३० दिन सम्मको रोजगारी उपलब्ध गराएको देखियो । पोखरी, कुलो-पैनी सरसफाई तथा वृक्षारोपण जस्ता कार्यक्रमले तत्काल रोजगारी सृजना गरेता पनि पालिकाले दिर्घकालिन रोजगारी सृजना गर्ने कार्यक्रम छनौट गर्ने तर्फ ध्यान दिनु आवश्यक छ ।</td><td></td></tr>
</table>

वेरोजगारको तथ्याङ्क फारम संकलन गरेको तथ्याङ्क आधार (डाटा वेश) तयार गरि लगत तथा प्रतिवेदन तयार गरेको पाइएन ।

११८. **विरुवा खरिद:** गो.भौ.नं. १६।३।२९ निम्न नर्सरीहरुबाट खरिद गरीएका विभिन्न प्रजातीका विरुवाहरु के कुन स्थानमा कति संख्यामा रोपियो भन्ने स्पष्ट प्रमाण पेश भएको नदेखिँदा वृक्षारोपण भएको प्रमाण पेश गर्नु पर्ने

१४५९२५४

| आपुर्तक | विरुवाको प्रकार | मुल्य |
|---|---|---:|
| ग्लोबल नर्सरी | मलेसियन साल | ४८५३७७ |
| न्यु श्रीराम नर्सरी | आँप | ४८७२३८ |
| विमल नर्सरी | अशोक | ४८६६३९ |
| | **जम्मा** | १४५९२५४ |

११९. **पेश्की बाँकी** : आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्की रकम सोही आर्थिक बर्षमा फछ्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्यौट हुन बाँकी रहेको पेश्की रकमको नाम नामेसी सहित के के बापत पेश्की गएको हो सो समेत खुलाई जिम्मेवारी अर्को आर्थिक बर्षमा सारी प्रमाणित गर्नुपर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फछ्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिम रु. १४१४३३९१६.००हालसम्म फछ्यौट नगरेको हुँदा जिम्मेवारी सारी नियमानुसार फछ्यौट गर्नुपर्ने रु.

१४१४३३९१६

| सि. नं. | मिति | पेश्की लिनेको नाम | वापत | पेश्कि ?कम | कैफियत |
|---|---|---|---|---:|---|
| १ | २०७५.०९.१७ | श्री कृष्णदेव यादव | बालपोषण भत्ता | १०२४००.०० | सा.सु तर्फ |
| २ | २०७५.०९.१७ | ,, टिकाराम मोची | बालपोषण भत्ता | ३२३२००.०० | ,, |
| ३ | २०७५.०९.१७ | ,, कृष्णदेव यादव | बालपोषण भत्ता | १९६८००.०० | ,, |
| ४ | २०७५.०९.१७ | ,, पवन साह | बालपोषण भत्ता | ५१०४००.०० | ,, |
| ५ | २०७५.०९.१७ | ,, मनोज गोइत | बालपोषण भत्ता | २५४४००.०० | ,, |
| ६ | २०७५.०९.१७ | ,, रामवावु मोरवैता | बालपोषण भत्ता | ११२०००.०० | ,, |
| ७ | २०७५.०९.१७ | ,, विनोद कुमार ठाकुर | बालपोषण भत्ता | २५९२००.०० | ,, |
| ८ | २०७५.०९.१७ | नेपाल बैंक शाखा सिरहा | सा.सू.भत्ता | ७२३२८००.०० | ,, |
| ९ | २०७५.०९.१७ | प्रभु बैंक शाखा सिरहा | सा.सू.भत्ता | ४३३२८००.०० | ,, |
| १० | २०७५.०९.१७ | सेन्चुरी बैंक शाखा सिरहा | सा.सू.भत्ता | ३८७५२००.०० | ,, |
| ११ | २०७५.०९.१७ | एन.आई.सी.एसिया शाखा सिरहा | सा.सू.भत्ता | ६०२९६००.०० | ,, |
| १२ | २०७५.०९.१७ | कैलाश विकास बैंक शाखा सिरहा | सा.सू.भत्ता | ६३२२४००.०० | ,, |
| १३ | २०७५.०९.१७ | कृषि वि.बैंक शाखा सिरहा | सा.सू.भत्ता | ९६४२४००.०० | ,, |
| १४ | २०७५.१०.१७ | श्री कृष्णदेव यादव | बालपोषण भत्ता | ८०००.०० | ,, |
| १५ | २०७५.१०.१७ | श्री कृष्णदेव यादव | बालपोषण भत्ता | २०८००.०० | ,, |
| १६ | २०७५.११.२३ | नेपाल बैंक शाखा सिरहा | सा.सू.भत्ता | ३९०००००.०० | ,, |
| १७ | २०७५.११.२३ | प्रभु बैंक पेश्की दिइयो । | सा.सू.भत्ता | ५०२५०००.०० | ,, |
| १८ | २०७५.११.२३ | सेन्चुरी बैंक पेश्की दिइयो । | सा.सू.भत्ता | ३८०००००.०० | ,, |
| १९ | २०७५.११.२३ | एन.अइ.सी.एशिया पेश्की दिइयो । | सा.सू.भत्ता | ६१०००००.०० | ,, |
| २० | २०७५.११.२३ | कैलाश वि.बैंक पेश्की दिइयो । | सा.सू.भत्ता | ६३०००००.०० | ,, |
| २१ | २०७५.११.२३ | कृषि विकास बैंक पेश्की दिइयो । | सा.सू.भत्ता | ७२४०२००.०० | ,, |
| २२ | २०७५.११.२३ | ग्लोवल आइ.एम.इ. पेश्की दिइयो । | सा.सू.भत्ता | ५०७००००.०० | ,, |
| २३ | २०७६.०२.२८ | नेपाल बैंक शाखा सिरहा | सा.सू.भत्ता | ३९५००००.०० | ,, |
| २४ | २०७६.०२.२८ | प्रभु बैंक पेश्की दिइयो । | सा.सू.भत्ता | ४६६६४००.०० | ,, |
| २५ | २०७६.०२.२८ | सेन्चुरी बैंक पेश्की दिइयो । | सा.सू.भत्ता | २७१००००.०० | ,, |
| २६ | २०७६.०२.२८ | एन.अइ.सी.एशिया पेश्की दिइयो । | सा.सू.भत्ता | ६३०२०००.०० | ,, |
| २७ | २०७६.०२.२८ | कैलाश वि.बैंक पेश्की दिइयो । | सा.सू.भत्ता | ४७५०६००.०० | ,, |
| २८ | २०७६.०२.२८ | कृषि विकास बैंक पेश्की दिइयो । | सा.सू.भत्ता | ४५२५६००.०० | ,, |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | २०७६.०२.२८ | ग्लोवल आइ.एम.इ. पेश्की दिइयो । | सा.सू.भत्ता | ५०७०००० .०० | ,, |
| ३० | २०७६.०३.२४ | प्रभु बैंक पेश्की दिइयो । | सा.सू.भत्ता | ७००००० .०० | ,, |
| ३१ | २०७६.०३.२४ | एन.अइ.सी.एशिया पेश्की दिइयो । | सा.सू.भत्ता | ४००००० .०० | ,, |
| ३२ | २०७६.०३.२४ | कैलाश वि.बैंक पेश्की दिइयो । | सा.सू.भत्ता | १०००००० .०० | ,, |
| ३३ | २०७६.०३.२४ | ग्लोवल आइ.एम.इ. पेश्की दिइयो । | सा.सू.भत्ता | ५००००० .०० | ,, |
| ३४ | २०७६.०३.२४ | दिल कुमार महतो | बालपोषण भत्ता | ४६८४०० .०० | ,, |
| ३५ | २०७६.०३.२४ | कृष्णदेव यादव पेश्की दिइयो । | बालपोषण भत्ता | ६८४८०० .०० | ,, |
| ३६ | २०७६.०३.२४ | मोतिराम महतो पेश्की दिइयो । | बालपोषण भत्ता | ५७९२०० .०० | ,, |
| ३७ | २०७६.०३.२४ | रामकृष्ण महतो पेश्की दिइयो । | बालपोषण भत्ता | ७८०८०० .०० | ,, |
| ३८ | २०७६.०३.२४ | इन्दिरा कुमारी यादव पेश्की दिइयो । | बालपोषण भत्ता | ६७२००० .०० | ,, |
| ३९ | २०७६.०३.२४ | टिका राम मोची पेश्की दिइयो । | बालपोषण भत्ता | १३२९६०० .०० | ,, |
| ४० | २०७६.०३.२४ | श्याम शंकर लाल दास पेश्की दिइयो । | बालपोषण भत्ता | ४४३२०० .०० | ,, |
| ४१ | २०७६.०३.२४ | कृष्णदेव यादव पेश्की दिइयो । | बालपोषण भत्ता | ६९४४०० .०० | ,, |
| ४२ | २०७६.०३.२४ | हरि प्रसाद अधिकारी पेश्की दिइयो । | बालपोषण भत्ता | ८८३२०० .०० | ,, |
| ४३ | २०७६.०३.२४ | चन्देश्वर मण्डल पेश्की दिइयो । | बालपोषण भत्ता | ८७३६०० .०० | ,, |
| ४४ | २०७६.०३.२४ | पवन साह पेश्की दिइयो । | बालपोषण भत्ता | ७०३८०० .०० | ,, |
| ४५ | २०७६.०३.२४ | मनोज गोइत पेश्की दिइयो । | बालपोषण भत्ता | १७६३२०० .०० | ,, |
| ४६ | २०७६.०३.२४ | रामवावु मोरवैता पेश्की दिइयो । | बालपोषण भत्ता | ६५४४०० .०० | ,, |
| ४७ | २०७६.०३.२४ | पवन साह पेश्की दिइयो । | बालपोषण भत्ता | १०५२८०० .०० | ,, |
| ४८ | २०७६.०३.२४ | राजावावु यादव पेश्की दिइयो । | बालपोषण भत्ता | ६२८८०० .०० | ,, |
| ४९ | २०७६.०३.२४ | मो.सफिक राईन पेश्की दिइयो । | बालपोषण भत्ता | १०१४४०० .०० | ,, |
| ५० | २०७६.०३.२४ | पतिराम मण्डल पेश्की दिइयो । | बालपोषण भत्ता | ७०५६०० .०० | ,, |
| ५१ | २०७६.०३.२४ | धनिकलाल यादव पेश्की दिइयो । | बालपोषण भत्ता | ११५८४०० .०० | ,, |
| ५२ | २०७६.०३.२४ | धन्जय यादव पेश्की दिइयो । | बालपोषण भत्ता | १२४४८०० .०० | ,, |
| ५३ | २०७६.०३.२४ | प्रदिप कुमार यादव पेश्की दिइयो । | बालपोषण भत्ता | १२०६४०० .०० | ,, |
| ५४ | २०७६.०३.२४ | मो.सफिक राईन पेश्की दिइयो । | बालपोषण भत्ता | १०१२८०० .०० | ,, |
| ५५ | २०७६.०३.२४ | विनोद कुमार ठाकुर पेश्की दिइयो । | बालपोषण भत्ता | १५७६६०० .०० | सा.सु. तर्फ |
| ५६ | ७/१८/२०७५ | श्री सुरेश चोरवार | विमा तथा नवीक?न | ४२५००० .०० | चालु तर्फ |
| ५७ | २०७६.०३.०३ | श्री सिरहा जिल्ला फुटबल संघ, सिरहा | नगर स्तरिय खेलकुद कार्यक्रम | २२५००० .०० | ,, |
| ५८ | २०७६.०३.०५ | श्रीदलित महिला संघ ,मिर्चैया | चुडा लहठीबनाउने कार्यक्रम | २४९००० .०० | ,, |
| ५९ | २०७६.०३.०५ | श्री जागृति नेपाल कृष्णपुर | युवा स्वरोजगार तालिम | २५०००० .०० | ,, |
| ६० | २०७६.०३.०५ | श्री जनसहभागिता केन्द्र नेपाल इनरुवा सुनसरी | मैनवतिबनाउने तालिम कार्यक्रम | २४९००० .०० | ,, |
| ६१ | २०७६.०३.०५ | श्री दीप फाउन्डेशन सिरहा | बालविवाह तथा दाईजो प्रथाबाट मुक्त अभियान र सडक नाटक कार्यक्रम | २४४००० .०० | ,, |
| ६२ | २०७६.०३.०५ | श्री जानकी टेक्निकल ट्रेनिङ्ग सेन्टर प्रा. ली. जनकपुर | युवा स्वरोजगार तालिम विधुत वायरङ्गि कार्यक्रम | २४९००० .०० | ,, |
| ६३ | २०७६.०३.०९ | महिला उद्धार सेवा केन्द्र, गोलवजार | नगर स्तरिय किशोरी सचेतना कार्यक्रम | २४९००० .०० | ,, |
| ६४ | २०७६.०३.१० | निलु कुमारी श्रेष्ठ | तेस्रो नगर सभा संचालन | ४५०००० .०० | ,, |
| ६५ | २०७६.०३.१२ | जागृति जन उत्थान सामुदायिक विकास केन्द्र, सिरहा ९ | नगर स्तरिय महिला सिलाई कटाई तालिम | २४९००० .०० | ,, |
| ६६ | २०७६.०३.२५ | श्री सुरेश चोरवार | राहत वितरण | ३००००० .०० | ,, |

| | | | | | |
|---|---|---|---|---|---|
| ६७ | २०७६.०३.३१ | श्री राकेश मल्लिक | सवारी नामसारी, नविकरण । | ९००००.०० | चालु तर्फ |
| ६८ | २०७५.११.२१ | श्री रेडियो सल्हेश एफ.एम.८८.८ मेगाहर्ज भलुवाही सिरहा | विद्युत सुचना उपलब्ध गराउनको लागि | ९३०००.०० | पुजिगत तर्फ |
| ६९ | २०७६.०२.०२ | अंकित कन्सट्रक्सन, सिरहा | तल्ला थप गर्ने कार्य | ४९५५००.०० | ,, |
| ७० | २०७६.०२.१४ | अंकित कन्सट्रक्सन, सिरहा | तल्ला थप गर्ने कार्य | ४९५५००.०० | ,, |
| ७१ | २०७६.०२.१९ | श्री जागृती नेपाल कृष्णपुर, सिरहा | सिलार्य कटाई तालिम | ४०००००.०० | ,, |
| ७२ | २०७६.०२.२० | श्री नेपाल रजक जनकल्यान समिति, सिरहा | सिलार्य कटाई तालिम | २२४५००.०० | ,, |
| ७३ | २०७६.०२.३१ | श्री नेपाल रजक जनकल्याण समिति, सिरहा ७ | सिलाई कटाई तालिम | २४००००.०० | ,, |
| ७४ | २०७६.०३.०४ | श्री सामुदायिक महिला शिप तथा दलित ट्रष्ट सिरहा | क्षमता अभिवृद्धि तालिम | २४५०००.०० | ,, |
| ७५ | २०७६.०३.०४ | श्री रामपुजन मण्डल | स्वास्थ्य शिविर संचालन | २०००००.०० | ,, |
| ७६ | २०७६.०३.०४ | जिल्ला लघु उधमी समुह स. घ.सिरहा | युवा स्वारोजगार तालिम | २४९०००.०० | ,, |
| ७७ | २०७६.०३.०९ | जिल्ला अस्पताल सिरहा | पुजिगत अनुदान | २२०००००.०० | ,, |
| ७८ | २०७६.०३.११ | जनसहभागिता केन्द्र नेपाल, इनरुवा, सुनसरी | कार्यक्रम जेष्ठ नागरिक सम्मान कार्यक्रम | १०००००.०० | ,, |
| ७९ | २०७६.०३.११ | नवज्योती समाज उत्थान केन्द्र जल्पापुर, सुनसरी | कार्यक्रम तालिम गोष्ठी सेमिनार कार्यक्रम | ५००००.०० | ,, |
| ८० | २०७६.०३.११ | नवज्योती समाज उत्थान केन्द्र जल्पापुर, सुनसरी | खेलकुद सामाग्री खरिद कार्य | ५००००.०० | ,, |
| ८१ | २०७६.०३.११ | नवज्योती समाज उत्थान केन्द्र जल्पापुर, सुनसरी | ड्रेस खरिद गरी वितरण गर्ने कार्यक्रम | १५००००.०० | ,, |
| ८२ | २०७६.०३.१२ | श्री अपांग विकास केन्द्र सिरहा | सिलाई कटाई तालिम | १४९०००.०० | ,, |
| ८३ | २०७६.०३.१७ | नवज्योती समाज उत्थान केन्द्र जल्पापुर, सुनसरी | गोष्ठी सेमिनार तालीम गर्ने कार्यक्रम | ५००००.०० | ,, |
| ८४ | २०७६.०३.१७ | नवज्योती समाज उत्थान केन्द्र जल्पापुर, सुनसरी | कर्मचारी भ्रमण कार्यक्रम | ५००००.०० | पुजिगत तर्फ |
| ८५ | २०७५.०९.१७ | पवन कुमार यादव | कार्यक्रमहरू संचालन | ५०००००.०० | स्वास्थ्य |
| ८६ | २०७५.०९.१७ | कामेश्वर परिहस्त | कार्यक्रमहरू संचालन | ५०००००.०० | ,, |
| ८७ | २०७६.०२.१९ | श्री विन्देश्वर यादव | सामानहरू खरीद कार्यक्रम | ४०००००.०० | ,, |
| | कुल जम्मा | | | १४१४३३९१६.०० | |

१२०. **आन्तरिक लेखापरिक्षणः** आन्तरिक लेखापरिक्षणबाट औल्याएको बेरुजू आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार अन्तिम लेखापरिक्षण हुनु अगाडी नियमित तथा असूल/फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था छ । तर पालिकाले आन्तरिक लेखापरीक्षणमा उल्लेख भएका निम्नानुसार बेरुजु फछ्र्यौट नगरेकोले असूल फछ्र्यौट गर्नुपर्ने रु. ९३१५७०.५

| सि.नं. | बेरुजुको व्यहोरा | रकम |
|---|---|---|
| १. | **ब.उ.शि.नं. ३७११०८३**<br>गो.भौ.नं. ११ मा कम्प्यूटर लगायतका मेशिनरी औजार खरिद गर्दा तीनवटा फर्मसँग कोटेशन माग गर्दा लक्ष्मी सप्लायर्स सिरहा ७ मु.अ.करमा दर्ता नरहेको । | |
| २. | गो.भौ.नं. ३३ मा औजार खरिद गर्दा तीनवटा फर्म सँग कोटेशन माग गर्दा सियाराम एण्ड जेनरल सप्लायर्स मु.अ.करमा दर्ता नभएको । | |
| ३. | आ.व. २०७५।७६ को अन्तसम्ममा सा.सु.कर दाखिला हुन बाँकी रहेको रु. | ५६७०० |

| | | | | |
|---|---|---|---|---|
| | ४. | **ब.उ.शि.नं. ३६५८५२४**<br>गो.भौ.नं.२६ मा विभिन्न आयोजनाहरुबाट कन्टेन्जेनसी रकम ३ प्रतिशत रकम कट्टा गरी बैंक दाखिला गरेको मौज्दात हुँदा हुँदै पनि रु. १७५०६७.०० सोझै बजेटबाट खर्च लेखेकोले रु. १७५०६७.०० बेरुजु खातामा दाखिला गर्नुपर्ने रु.<br>गो.भौ.नं.३५ मा कन्टिन्जेन्सी रकम मौज्दात हुँदाहुँदै रु.४९६५९२.०० खर्च लेखेकोले उक्त रकम बेरुजु खातामा जम्मा गर्नुपर्ने रु.<br>गो.भौ.नं. ४७ मा खर्च रु. १४९४०८.०० लेखेको पुजिगतबाट खर्च लेख्नुपर्नेमा त.म.स.का. लेखेकोले रु. १२८८०६.०० बेरुजु खातामा जम्मा भए पनि रु. २०६०८.०० बेरुजु खातामा जम्मा हुनुपर्ने | ६९२२६७.०० | |
| | ५. | **ब.उ.शि.नं. ३६५०१५३**<br>आ.व.२०७५।७६ को अन्तसम्ममा निकासा भई, खर्च भई बाँकी रहेको रकम फिर्ता हुनुपर्ने रु. | १७६९१०.०० | |
| | ६. | **आन्तरिक आय** : वडाहरुबाट प्राप्त हुने आन्तरीक आम्दानी व्यवस्थित हुन नसकेको | | |
| | ७. | **सशर्त अनुदान**<br>सवारी साधन भाडा, फर्निचर खरिद , सफ्टवेयर तथा परामर्श सेवा, मेशिनरी औजार, कार्यलय तथा मसलन्द सामग्री , औषधी उपकरण, लगायत टुक्रा गरी खरिद कार्य गरेको । | | |
| | ८. | शसर्त अनुदान (एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम तर्फ) : गो.भौ.नं. २४ मा कामेश्वर परिहस्तको ग्रेडवृद्धि महिना जेष्ठ भए पनि फाल्गुनबाट ग्रेड थपी रु. १०१७.०० को क.सं. कोष थप रु. १०१.७० समेत गरी पौष महिनाको रु. ५६९३.५० असूल गर्नुपर्ने रु. | ५६९३.५० | |
| | ९. | शसर्त अनुदान (पशु विकास कार्यक्रम तर्फ) : गो.भौ.नं.३७ मा विभिन्न फर्महरुबाट रु. १४४६२५.०० को समानहरु विना खरिद आदेश एवं दाखिला प्रतिवेदन वेगर खरिद गरेको पाइयो र नाइट्रोजन ढुवानी लहानबाट ७ पटकको रु. ५६०००.०० अस्वाभिक रहेको पाइयो । | | |
| | १०. | शसर्त अनुदान (आयुर्वेद चिकित्शालय तर्फ) : गो.भौ.नं.२३ मा रु. ११५०००.०० को औषधीहरु विना प्रतिस्पर्धा शुष्मा आर्युवेद सप्लायर्स सँग खरिद गरेको । | | |
| | ११. | शसर्त अनुदान शिक्षा तर्फ<br>▪ गो.भौ.नं.१९ मा श्री च.मा.वि. सिरहालाई ल्याव व्यवस्थापन तथा प्रति विद्यार्थी लागत अनुदान वापत रु. ६४७७९०.०० को विल भरपाई पेश हुनुपर्ने ।<br>▪ गो.भौ.नं.२० र ३२ मा क.सं. कोष कट्टी र सावधिक जीवन विमा २०७५ देखि पुष सम्मको फाँटवारी नपठाइएको ।<br>▪ गो.भौ.नं.२९ मा रु. १०००००.०० भन्दा बढीको खरिद दरभाउपत्रमार्फत खरिद गर्नुपर्नेमा सोझै खरिद गरिएको । | | |
| | | **जम्मा** | **९३१५७०.५०** | |
| १२१. | यस डोर मूकामको च.नं. २२ मिति ०७६।७२६ को पत्रबाट माग गरिएको विवरण मध्ये निम्नानुसार विवरण प्राप्त नभएकोले सो वारेमा विश्लेषण गर्न सकिएन ।<br>फाराम १ वोलपत्र, सिलवन्दि दरभाउपत्र वेगर काम टुक्रा पारी खरिद गरेको<br>फाराम ५ म्याद थप सम्वन्धी विवरण<br>फाराम ७ चौमासिक कार्यक्रम सञ्चालन । पूजीगत खर्च विवरण<br>फाराम ८ वार्षिक लक्ष्य तथा प्रगति<br>फाराम १० परामर्श खर्च सम्वन्धी विवरण<br>फाराम ११ अन्य प्रयोजनको खर्च | | | |

| | | |
|---|---|---|
| | फाराम १३ कानुन र मापदण्ड वेगरको सुविधा<br>फाराम १४ स्रोत उपभोग र उपलब्धीको विवरण<br>फाराम १५ सेवा प्रवाह सम्बन्धी विवरण<br>फाराम १८ थप सुविधाको विवरण<br>फाराम २० दरवन्दी र पदपुर्ति विवरण<br>फाराम २१ जिल्ला समन्वय समितिको अधुरा योजना स्थानीय तहमा हस्तान्तरणको विवरण<br>फाराम २३ का दस्तुर सेवा शुल्क र भाडाको ठेक्का सम्बन्धी विवरण<br>फाराम २४ क आर्थिक सहायता, भैपरी आउने र प्रशासनिक खर्चको विवरण<br>फाराम २४ असूल गर्न बाँकी आय | |
| १२२. | **बेरुजू:** नगरपालिकाको प्रारम्भिक प्रतिबेदन अनुसार यो बर्ष असुल गर्नुपर्ने रु. १७ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु ३ करोड १४ लाख ४२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४ करोड ७४ लाख ८५ हजार र पेश्की रु. १४ करोड २० लाख ३३ हजार समेत रु. २२ करोड २७ लाख ४४ हजार बेरुजू कायम भएकोमा प्रतिकृया प्राप्त नभएकोले सोहि बेरुजू कायम भएको छ। | |
| १२३. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु पर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : | |
| १२४. | **अद्यावधिक वेरुजू स्थिति :** यस नगरपालीकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

(१२३.) **रु. हाजारमा**

| गत वर्षको वेरुजू रकम (रु) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C=A-B) |
|---|---|---|
| १४७३८६ | - | १४७३८६ |

(१२४.) रु. हाजारमा

| गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) | यो वर्षको सं.पं बाट कायम वेरुजू रु | यो वर्षको कायम वेरुजू (रु) | बाँकी वेरुजु (रु) |
|---|---|---|---|
| १४७३८६ | - | २२२७४४ | ३७०१३० |

अनुसूची - १

## बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| ।.नं | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिमेवार नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| | सिरहा नगरपालिका | सिरहा | ८४ | ६२ | २२२७४४ | ० | ० | ० | ८४ | ६२ | २२२७४४ | १७८४ | ३१४४२ | ४७४८४ | ० | ० | ७८९२६ | २४५८३ | ११७४५१ | १४२०३४ |

अनुसूची - २

## स्थानीय तह संचित कोष विवरण
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात बाँकी |
| | | | १ | २ | ३ | ४ | ५=(२+३+४) | ६ | ७ | ८ | ९=(६+७+८) | १०=(१+५-९) |
| १ | सिरहा नगरपालिका | सिरहा | २०८६९१ | १९९६४४ | ५५१६८१ | २६७७६ | ७७८१०१ | ५२७०७६ | १७१६२६ | ५०७० | ७०३७७२ | २८३०२० |

अनुसूची- ३

## अद्यावधिक बेरुजू स्थिति
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | गत वर्षको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बैरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | सिरहा नगरपालिका | सिरहा | १४७३८६ | ० | १४७३८६ | ० | २२२७४४ | ३७०१३० |